
वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## देजमोको चुनावी घोषणा-पत्र सार्वजनिक



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले बुधबार काठमाडौंमा चुनावी घोषणा-पत्र सार्वजनिक गरेको छ । क्रान्तिकारी माओवादीका वरिष्ठ नेता एवं मोर्चाका अध्यक्ष सीपी गजुरेलले घोषणा-पत्र सार्वजनिक गर्दै भने, "कसैले माने पनि नमाने पनि हामी नेपाली राजनीतिको वैकल्पिक शक्ति हौं, भइसक्यौं ।'

१४ पृष्ठ लामो घोषणा-पत्र जारी गर्दै अध्यक्ष ...बाँकी ८ पेजमा

वर्ष २ अङ्क १९ पूर्णाङ्क ६८ २०७४ कात्तिक २७ गते सोमबार Monday, November 13, 2017 पृष्ठ ८ मूल्य रु. १०।-

## देजमोका देशैभर चुनावी सभा र घरदैलो कार्यक्रम

# 'मुट्ठी' चिन्हमा चुनावी माहौल बनाउँदै देजमोका उम्मेदवारहरू



● वर्गदृष्टि संवाददाता

काठमाडौं । वर्तमान संसदीय व्यवस्थाका विरुद्ध निर्वाचनको क्रान्तिकारी उपयोग गरेको नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशैभर चुनावी सभा, जनभेटघाट, कोणसभा, टोलसभा र घरदैलो लगायतका कार्यक्रमलाई तीव्रता दिएको छ । संसदीय व्यवस्था, सत्ता र संविधानको भण्डाफोर गर्दै नयाँ जनवादी क्रान्तिको पक्षमा जनमत निर्माण गर्ने र संगठनको आधार तयार पार्ने उद्देश्य राखेर निर्वाचनमा होमिएका देजमोका उम्मेदवारहरू अहिले जनताको घर घरमा आफ्ना विचार र एजेण्डा लिएर पुगेका छन् । ***(प्रतिनिधिसभा र प्रदेशसभाका समानुपातिक तर्फका उम्मेदवारहरुको विस्तृत विवरण पृष्ठ ४ र ५ मा हेर्नुहोस्)***

हामीलाई प्राप्त जानकारी अनुसार देजमोले ३ नं. प्रदेश अन्तर्गतको काठमाडौंमा शनिबार केन्द्रीय सभा सम्पन्न गरेको छ । काठमाडौं जिल्लाको १० नं. निर्वाचन क्षेत्रलाई विशेष रूपमा लिंदै उक्त निर्वाचन क्षेत्रको सतुङ्गल क्षेत्रमा शनिबार गरिएको कार्यक्रममा क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण', पार्टीका बरिष्ठ नेता तथा देजमो अध्यक्ष सीपी गजुरेल, पार्टीका पूर्व कार्यालय सदस्य रामसिंह श्रीस, काठमाडौं-१०का उम्मदेवार सुरेश कुमार श्रेष्ठ, देजकोका ३ नं. प्रदेश संयोजक पवनमान श्रेष्ठ लगायतका नेताहरूको उपस्थिति रहेको थियो । कार्यक्रमा स्थानीय जनताको व्यापक उपस्थिति रहेको थियो । त्यसैगरेर काठमाडौंका अन्य निर्वाचन क्षेत्रमा पनि निर्वाचन परिचालन ...बाँकी ७ पेजमा

## प्रत्यक्षतर्फको चुनावी भिडन्तमा देजमोका १२ महिला उम्मेदवार



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चाले देशैभर प्रत्यक्षतर्फ १२ जना महिलालाई चुनावी मैदानमा उतारेको छ । क्रान्तिकारी माओवादी निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की केन्द्रीय अध्यक्षदेखि विध्यार्थी नेतृहरूसम्म चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । अनेमसंघ (क्रान्तिकारी) की अध्यक्ष लक्ष्मी मुड्भरी नुवाकोट-२ बाट कांग्रेसका नेता अर्जुन नरसिंह केसीसँग चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने काठमाडौं-३ बाट विध्यार्थी नेतृ ज्ञानु खतिवडा पनि प्रतिनिधिसभा सदस्यको लागि चुनावी मैदानमा हुनुहुन्छ । उहाँ अखिल (क्रान्तिकारी)को केन्द्रीय सचिव समेत हुनुहुन्छ ।

त्यसैगरी काठमाडौं-९ बाट शान्ता पण्डितले उम्मेदवारी दिनुभएको छ भने विध्यार्थी नेतृ शिलु न्यौपानेले काठमाडौं-७ को ख) बाट प्रदेशसभा सदस्यको लागि उम्मेदवार बन्नुभएको छ । उहाँ अखिल (क्रान्तिकारी)को केन्द्रीय ...बाँकी ७ पेजमा

## गठबन्धनका नेताहरूसँग देजमोका उम्मेदवारहरूको भिडन्त

● वर्गदृष्टि संवाददाता

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका उम्मेदवारहरू "हेवी वेट" मानिने कथित वाम र लोकतान्त्रिक गठबन्धनका नेताहरूलाई चुनौती दिंदै चुनावी मैदानमा उत्रिएका छन् । अहिले सबैभन्दा बढी चर्चा गोरखा-२ बाट देजमोको तर्फबाट उम्मदेवार बनेका युवा नेता नारायण अधिकारीको छ । उहाँ पूर्वप्रधानमन्त्री तथा नयाँ शक्तिका संयोजक डा. बाबुराम भट्टराई र पूर्व उपप्रधानमन्त्री तथा माकेका बरिष्ठ नेता नारायणकाजी श्रेष्ठसँग चुनावी प्रतिस्पर्धामा भएकाले पनि उनको चर्चा बाक्लिएको छ । दशवर्षे जनयुद्ध लडेर आएका नेता अधिकारीले दुवै नेताको मत काट्ने विश्लेषण



देजमोको चुनाव चिन्ह

स्थानीय बुद्धिजीवी तथा संचारकर्मीको छ ।

चितवन-३ मा माकेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग देजमोको तर्फबाट जिल्लाका चर्चित अनुहार टंकनाथ रेग्मी'गोर्खाली' चुनावी प्रतिस्पर्धामा छन् । यता पूर्वप्रधानमन्त्री तथा एमालेका बरिष्ठ नेता माधव कुमार नेपालसँग काठमाठौं-२ मा देजमोका नेता धनबहादुर पन्त चुनावी मैदानमा हुनुहुन्छ ।

त्यसैगरी एमालेकै महासचिव ईश्वर पोखरेलसँग देजमोका नेता भरतबुर्जा मगर काठमाडौं-५ मा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यता कांग्रेसका नेता प्रकाशमान श्रेष्ठ र विवेकशील साझा पार्टीका संयोजक रविन्द्र मिश्रसँग चुनावी ...बाँकी ७ पेजमा

## 'संसदीय व्यवस्था फाल्नलाई निर्वाचनमा गएका हौं'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौं जिल्ला समितिले आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले संसदीय व्यवस्था फाल्नका लागि आफूहरू निर्वाचनमा गएको बताउनु भएको छ । महासचिव किरणले भन्नुभयो, "कांग्रेस, एमाले, माके, राप्रपालगायतका पार्टीहरू पुरानै संसदीय राज्यव्यवस्था र सत्तालाई मजबुत बनाउन चुनावमा गएका छन्, तर हामी यो राज्यव्यवस्थालाई फाल्न चुनावमा गएका हौं ।'

संसदीय व्यवस्थाका विरुद्ध राष्ट्रियता, जनतन्त्र र जनजीवीकाको निम्ति दशवर्ष लामो जनयुद्ध भएको स्मरण गर्दै महासचिव वैद्यले महान जनयुद्ध विजयको सन्निकट पुग्दा ठूलो धोका भएको बताउनु भयो । विगतमा जनयुद्ध लड्दा पनि कांग्रेस एमाले नै संसदीय व्यवस्थाको सत्तामा भएको प्रसंग उल्लेख गर्दै महासचिव वैद्यले अहिले पनि त्यही व्यवस्थामा उनीहरू नै सत्तामा रहेकोले मुलुकमा खासै रूपान्तरण र परिवर्तन नभएको विचार व्यक्त गर्नुभयो ।

काठमाडौं-१० बाट उम्मेदवारी दिएका क्रान्तिकारी माओवादीका युवा नेताको निर्वाचन क्षेत्रलाई केन्द्रित गरेर 'जनभेटघाट तथा अन्तर्क्रिया' नाम दिइएको कार्यक्रमलाई सम्बोधन गर्दै महासचिव वैद्यले भन्नुभयो, "संसदवादीहरू पैसाको खोलो बगाएर चुनावी गतिविधिमा लागेका छन् । हामी नयाँ ढंगले क्रान्तिको तयारी गरिरहेका छौं ।'

त्यसैगरी क्रान्तिकारी माओवादीका बरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले उक्त कार्यक्रमलाई सम्बोधन गर्दै फेरि पनि मुलुकमा दलाल, तस्कर र भ्रष्टाचारीहरूको मात्र संसदमा ...बाँकी ८ पेजमा

## प्रोफेसर साइबाबाको रिहाइका लागि पहल गर्न अपील



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट नेपाल राष्ट्रिय प्राध्यापक संगठनले एक वक्तव्य जारी गरी विगत केही समयदेखि भारतीय शासकवर्गले अमानवीय रूपमा कठोर यातना दिई आजीवन काराबासमा राखेका जेएनयुका प्रोफेसर जि.एन. साइबाबालाई रिहाइको लागि पहल गर्न भन्दै एक वक्तव्य जारी गरेको छ । संगठनका अध्यक्ष प्रा.डा. जगदीश चन्द्र भण्डारीले आइतबार जारी गरेको बक्तव्यमा भनिएको छ, "कठोर यातना दिई आजीवन काराबासको सजाय दिनेजस्तो घृणित र निकृष्ट कार्य गरी भारतीय शासकवर्ग उत्पीडित वर्गको आवाजलाई मुखर गर्ने बौद्धिक व्यक्तित्वहरूप्रति असहिष्णु एवम् क्रूर बनेको कुराकै पुष्टि गरेको छ । साइबाबा शारीरिकरूपमा अशक्त हुनुका साथै गम्भीर रोगबाट थलिनु भएको छ । यसप्रति भारत र अन्य विश्वका सबै मानवअधिकारप्रति आस्था राख्ने व्यक्ति, संगठन र संस्थाहरू गम्भीर हुनु जरुरी भएको छ ।"

व त्त ऽ ० य म । ...बाँकी ७ पेजमा

## प्रतिक्रियावादी र अवसरवादी शक्तिहरूसँग तालमेल होइन भण्डाफोरलाई तीव्रता दिनु पर्दछ

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले गत स्थानीय निकायको निर्वाचनमा ठुला भनिने दलहरू मुख्यत नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र सँग कुनै प्रकारको चुनावी तालमेल वा चुनावी गठबन्धन नगर्ने नीति लिएको थियो । अहिले संघीय प्रतिनीधि सभा र प्रदेश सभाको चुनावमा पनि देजमो नेपालले ती पार्टीहरू सँग कुनै प्रकारको चुनावी तालमेल वा चुनावी गठबन्धन नगर्ने नीति लिएको छ । त्यति मात्र होइन राप्रपा र राजपा जस्ता प्रतिगामी पार्टीहरू सँग पनि चुनावी तालमेल वा मोर्चा नबनाउने नीति लिएको छ । देशभक्त जनगणतान्त्रिक मार्चाको यस प्रकारको नीतिको कतिपय क्षेत्र विरोध आलोचना भएको पाइन्छ । वाम गठबन्धनमा जानु पर्थ्यो वा सीट जित्नको लागि कुनै न कुनै शक्ति सँग

***मुख्य कुरा पार्टीको सिद्धान्त, नीति, कार्यक्रमलाई पाखा लगाएर केही सीट जित्नको लागि मात्र वा सिद्धान्त, नीति, कार्यक्रमलाई तिलाञ्जली दिएर सत्ता स्वार्थका लागि गरिने चुनावी मोर्चा वा गठबन्धन अवसरवादी गठबन्धन वा तालमेल हो । यस्तो प्रकारको चुनावी तालमेल वा गठबन्धन देश र जनताप्रति गदारी हो ।***



● रामसिंह श्रीस

तालमेल गर्नु पर्थ्यो भन्ने विचारहरू पनि आइरहेका छन् । के यस प्रकारको सोचाई सही हो ? अर्थात देजमो, नेपालको नीति गलत छ ? यस छोटो लेखमा यसै विषयमा चर्चा गरिएको छ ।

मुख्य कुरा पार्टीको सिद्धान्त, नीति, कार्यक्रमलाई पाखा लगाएर केही सीट जित्नको लागि मात्र वा सिद्धान्त, नीति, कार्यक्रमलाई तिलाञ्जली दिएर सत्ता स्वार्थका लागि गरिने चुनावी मोर्चा वा गठबन्धन अवसरवादी गठबन्धन वा तालमेल हो । यस्तो प्रकारको चुनावी तालमेल वा गठबन्धन देश र जनताप्रति गदारी हो । यस प्रकारको चुनावी तालमेल वा गठबन्धनले राष्ट्रिय स्वाधिनता र जनहितको पक्षमा काम गदैन । किन भने यसप्रकारको चुनावी गठबन्धन राष्ट्रिय हित र जनहितलाई ध्यानमा राखेर होइन कि सत्ता स्वार्थलाई केन्द्रमा राखेर बनाइएको हुन्छ । अहिलेको कथित वाम गठबन्धन र कथित लोकतान्त्रिक गठबन्धन यस्तै प्रकारको गठबन्धन हो । यो गठबन्धनहरू मध्ये जुन गठबन्धनले जिते पनि राष्ट्रिय स्वाधिनताको रक्षा र आम श्रमिक जनताको पक्षमा केही हुने वाला छैन । ०४६ साल देखि अहिले सम्मको उनीहरूको व्यवहारले यहि कुरा बताउँछ ।

देजमो, नेपालले यो व्यवस्थालाई प्रतिक्रियावादी व्यवस्था मान्दछ र विद्यमान संविधानलाई त्यस्को केही कुराहरू सकारात्मक भएपनि त्यसको मूल ...बाँकी ८ पेजमा

## सम्पादकीय

# संसदीय व्यवस्थाको फासिवादीकरण

संसदवादी दलहरूको स्वेच्छाचारिताले मुलुकमा फासिवादको खतरा बढाएर लगेको छ । संसदीय व्यवस्थाका मान्यताहरूकै धज्जी उडाउँदै गरिएका गठबन्धन र थ्रेसहोल्डलगायत बनाइएका निर्वाचन कानुनले संसदीय व्यवस्थाको फासिवादीकरणलाई संकेत गरेको छ । रूपमा वाम र लोकतान्त्रिक गठबन्धन देखिए पनि यी दुवै गठबन्धन संसदीय व्यवस्थाका मतियार हुन् । बहुदलीय संसदीय व्यवस्थाको वकालत गर्ने उनीहरू एक वा दुई दलीय प्रणालीमा मुलुकलाई लगेर प्रतिपक्षविहीन निरंकुश सत्ताको अभ्यास गर्न खोजिरहेका छन् । बहुदलीयता र बहुलवादका विरुद्ध उनीहरू फासिवादी दिशातिर उन्मुख भइरहेका छन् । उनीहरूले आफैले बनाएका धेरै नियम कानुनको खिल्ली उडाइरहेका छन् ।

फरक आस्था र विचार बोकेका पार्टीहरूको अस्तित्वलाई निषेध गर्ने र सीमित दलहरूबीच आलोपालो मिलीजुली सत्ताभोग गर्ने परिपाटी बसाल्न पुगेका संसदवादीहरूले लोकतन्त्रको नाममा निरंकुशताको अभ्यास गर्न थालेका छन् । व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाबीच देखिएको अन्तरविरोध, बढ्दो दण्डहीनता, खुल्लेआम तथा संस्थागत रूपमा विकाराल बनेको भ्रष्टाचार र कमिसनको जालो, आकाशिदो महंगी, डरलाग्दो बेरोजगारीको समस्या, बढ्दो जनशक्तिको विदेश पलायन, बढ्दो वैदेशिक चलखेल र संसदवादीहरूको भारत निर्भरताले मुलुक भयानक अस्थीरतातर्फ धकेलिने पूर्वानुमान गर्न गाह्रो छैन ।

स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको पूर्वसन्ध्यामा छ मुलुक । स्थानीय जनप्रतिनिधिहरू खुल्लेआम संस्थागत भ्रष्टाचारमा लिप्त हुन थालेका छन् । जनतामाथि अनावश्यक कर थोपरिएको छ । संसदवादी पार्टीहरूले ठेकेदार, व्यापारी, गुण्डा, तस्कर, भ्रष्टाचारी, माफिया र विदेशीका दलालहरूलाई उम्मदेवार बनाएका छन् । यसरी अराजनीतिक चरित्रका व्यक्तिहरूलाई उम्मेदवार बनाउने र पैसाको बलमा तिनीहरूले नै निर्वाचन जितेर सांसद बन्ने स्थिति विकास भएर गएको स्थितिमा राजनीतिमा नैतिकता, इमान्दारिता, मूल्य, आदर्श र निष्ठा हराएर गएको छ । बर्षौ राजनीतिमा गुजारेका र इतिहासमा निकै ठूलो योगदान पुऱ्याएका व्यक्तिहरूलाई राजनीतिबाट सन्यास लिनुपर्ने स्थितिमा संसदवादी पार्टीहरूले पुऱ्याइदिएका छन् । पैसा नहुनेले आफू जतिसुकै योग्य र विज्ञ भएपनि राजनीति नगरे हुने स्थितिमा मुलुकलाई पुऱ्याइएको छ । यो परिपाटीले संसदवादी पार्टीभित्रै पनि ठूलो भाँडभैलो मच्चिने र नेपाली राजनीतिले नयाँ कोर्सको थालनी गर्ने देखिन थालेको छ ।

आफूलाई निर्विकल्प दावी गर्दै आएका संसदवादी पार्टीहरूलाई चकित पार्दै नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले देशैभर उम्मेदवारी दिएपछि यो पार्टी र मोर्चालाई जनपक्षीय शक्तिहरूले वैकल्पिक शक्तिको रूपमा बुझ्न थालेका छन् । र, पछिल्लो चरणमा क्रान्तिकारी माओवादी र मोर्चाप्रति देशी विदेशी शक्तिहरूको सकारात्मक र नकारात्मक रूपमा चासो र सोधीखोजी बढेर गएको छ । निर्वाचनमा पराजित हुने लगभग सुनिश्चित हुँदा हुँदै पनि देशभरिबाट उत्साहपूर्ण र हस्तक्षेपपूर्ण देजमोको उम्मेदवारीले कतिपय ठाउँमा मै हुँ भन्ने नेताहरूलाई समेत चुनौती बन्न सफल भएका छन् देजमोका उम्मेदवारहरू । देजमोको यो उम्मेदवारीबाट कतिपय शक्तिहरू झस्किन पुगेको देखिन्छ भने जनपक्षीय शक्तिहरूमा एउटा आशा र उत्साहको सन्देश पनि यसले प्रवाह गरेको छ ।

नयाँ जनवादी क्रान्तिको तयारीको प्रक्रियामा रहेको क्रान्तिकारी माओवादी र यसको चुनावी मोर्चा नै एकमात्र वैकल्पिक राजनीतिक शक्तिको रूपमा अगाडि आउन अब कसैले रोक्न सक्ने देखिन्न । तथापि फासिवादतर्फ उन्मुख हुँदै गरेको सत्ताले क्रान्तिकारी शक्तिका विरुद्ध क्रूर कदम चाल्न सक्छ । त्यसप्रति समेत सचेत र सतर्क रहँदै आफ्नो पंक्ति र जनपंक्तिलाई सुदृढ बनाउने दिशामा क्रान्तिकारीहरूले गम्भीर भएर बेलैदेखि सोच्न जरुरी छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# नेपालको सन्दर्भमा जनताको जनवाद



● कृष्णदास श्रेष्ठ ●

नेपाल विश्वका अर्ध-औपनिवेशिक तथा अर्ध-सामन्ती मुलुकहरूको श्रेणीमा परेको एउटा दक्षिण-एशियाली मुलुक हो । तीमध्ये पनि हाम्रो मुलुक विश्वका निकै पछ्यौटे, अविकसित तथा दरिद्रतम मुलुकहरूको श्रेणीमा परेको छ । अन्य अर्ध-औपनिवेशीक तथा अर्ध-सामन्ती मुलुकहरूमा जनवादी क्रान्तिका सामु साम्राज्यवादी आधिपत्यको अन्त्य र मध्ययुगीनवादका अवशेषहरूको उन्मूलन गर्ने जुन अभिभाराहरू छन्, तिनै अभिभारा आधारभूत रूपमा हाम्रो क्रान्तिको सामु रहेका छन् । तर हाम्रो मुलुकको ऐतिहासिक विकासको विशिष्टता र क्षेत्रीय राजनीतिक वातावरणको कारणले गर्दा तिनका केही विशष्ट स्थितिहरू छन् । र, तिनका रूप र अभिव्यक्तिहरू आफ्नै खालका छन् ।

आफ्नो वर्तमान जावदी चरणमा हाम्रो क्रान्तिले पुरा गर्नुपर्ने अभिभाराहरू के के हुन् त ? अन्य अर्ध-औपनिवेशिक तथा अर्ध-सामन्ती मुलुकहरूमा झैं, हाम्रो मुलुकमा अहिले क्रान्तिको स्वरूप पूँजीवादी जनवादी रहेको छ र यसको सामु रहेका सामन्य आधार भूत अभिभाराहरू दोहोरो स्वरूपका छन्- राष्ट्रिय र जनवादी । अर्थात् अर्को ढंगबाट भन्ने हो भने, वर्तमान चरणमा हाम्रो क्रान्तिको पुँजीवादी-जनवादी सारतत्व रहन्छ । र उक्त सारतत्वले आफूलाई दोहोरोरूपमा अभिव्यक्ति गर्दछ । ती निम्न प्रकारका छन् :

१) **राष्ट्रिय स्परूपका अभिभाराहरूमा मुख्यरूपले तलका कुराहरू पर्छन् :**

क) भारतसित भएका राष्ट्रिय कलंकस्वरूप रहेको १९५० को सन्धिलगायत सबै असमान सन्धिहरूको खारेजी । पंचशीलको आधारमा विदेशी मुलुकहरूसित सम्बन्धको विकास, र समानता, पारस्परिक हित र राष्ट्रिय सम्मानको आधारमा सन्धि-सम्झौताहरू गर्नु ।

ख) भारतीय स्तिारवादद्वारा हड्पेका हाम्रा इलाकाहरू फर्काउनु, हाम्रो मातृभूमिको क्षेत्रीय अखण्डतामाथिभारतीयप्रतिक्रयावादीशासकवर्गहरूबाट भइरहेको विस्तारवादी अतिक्रमणको दृढरूपमा विरोध गर्नु, राष्ट्रिय स्वाधीनता र क्षेत्रीय अखण्डताको सुरक्षाको लागि आम जनतालाई गोलबन्द र हतियारबन्द गर्नु, 'महानतर भारत' (Greater India) को निर्माण गर्ने भारतीय विस्तारवादी योजनाको विरुद्ध दक्षिण-एशियाली राष्ट्र तथा जनताहरूको दह्रो एकबद्धताको लागि प्रयास गर्नु ।

ग) नेपाललाई चीन विरोधी अखडा बनाउने अमेरिकी साम्राज्यवादी प्रयासको दृढ विरोध गर्नु, हामो अर्थतन्त्रमा विदेशी आधिपत्यलाई खतम पार्नु, हाम्रो अर्थतन्त्रलाई विश्व पुँजीवादी व्यवस्थाको पुच्छर बनाउने साम्राज्यवादी प्रयासको विरुद्ध स्वाधीन राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नु, उद्योग र व्यापारको क्षेत्रमा विद्यमान विदेशी ठूला पूँजीपतिहरूको आधिपत्यलाई खतम पारी स्वादेशी पूँजीको विकासलाई प्रोत्साहित गर्नु, विदेशी सामानहरूको बजारको रूपमा मुलुकमा पुर्वाधारहरू तयार पार्ने विदेशी पुँजीवादी योजनाको विरोध गरी मुलुकको औद्योगिककरण तथा आधुनिकीकरण गर्नु, राजकीय तथा सहकारी अर्थतन्त्रको विकास गर्नु ।

घ) निर्वाधरूपमा भइरहेको भारतीयहरूको नेपाल-प्रवेशलाई रोक्न ठोस तथा प्रभावकारी उपायहरू गर्नु, जसले गर्दा भारतीय विस्तारवादको पक्षमा जनमत बनाउने भारतीय शासकहरूको योजनालाई विफल पार्न सकियोस् कार्यअनुमतिको (Work Permit) आधारमा मात्र नेपालमा विदेशीहरूको काम गर्न पाउने व्यव्स्था गर्नु ।

२) **जनवादी स्वरूपका अभिभाराहरू मुख्यरूपले निम्न हुन् :**

क) सामान्यरूपमा पूँजीवादी जनवादी क्रान्तिको मुख्य उद्देश्य भनेको मुलुकमा विद्यमान रहेका सामन्तवाद, मध्ययुगीनवादका अवशेषहरूलाई त्यसका मुख्य अभिव्यक्तिहरूलाई खतम पार्नु हो । राजनीतिक क्षेत्रमा हाम्रो मुलुकमा रहेका ती अवशेषहरू मुख्यरूपमा राजतन्त्र, सामन्ती निरंकुशतावाद र त्यसका पोषक संस्थाहरू, धर्ममा आधारित राज्यव्यव्सथा (हिन्दु अधिराज्य) जनविरोधी नोकरशाही शासनयन्त्र, आदि हुन्, जुन जनताको पूर्ण सार्वभौमिकताको लागि बाधक हुन् । यस क्षेत्रमाा क्रान्तिका मुख्य काम हुन्- जनवादी गणतन्त्र र जनताको पूर्ण, वास्तविक सार्वभौकिताको स्थापना, क्रान्तिकारी वर्गहरूको संयुक्त जनवादी अधिनायकतन्त्रको राज्यव्यवस्थाको स्थापना, धर्मनिरपेक्ष राज्य, सामाजिक जीवनको जनवादीकरण, मुलुकको राजनीतिक जीवन र प्रशासनिक कार्यमा जनताको सक्रिय सहभागिता आदि ।

ख) सामन्ती भू-स्वामित्वको पूर्ण उन्मूलन गरी किसान भू-स्वामित्वको स्थापना गर्नु, शोषण र दासताका सारा पूर्व-पुँजीवादी तथा औपनीवेशिक अवस्थाहरूबाट किसानहरूलाई मुक्त पार्नु, किसानको जीवनस्तर उठाउनका लाग सहकारी खेतीको विकास, आदि क्रान्तिकारी उपायहरू गर्नु, मजदुरवर्ग र किसानवर्गको माझमा र शहर र गाउँको माझमा घनिष्ठतम आर्थिक तथा राजनीतिक सम्बन्धको विकास गर्नु ।

ग) जातीय उत्पीडन तथा जातीय भेदभाव र जातपातको व्यवस्थाको उन्मूलन गरी जनजातिहरूको लागि समान अधिकारको स्थापना गर्नु, व्यवस्थापिकाको माथिल्लो सभालाई जनजातिहरूको सभा बनाउनु, घनारूपमा जनजातिरुको बसोवास भएका स्थानरुमा जातीय स्वशासनको स्थापना गर्नु, एक जाति, भाषालई दिइएको 'राष्ट्रभाषा'को संवैधानिक मान्यतालाई खारेज गरी बहुभाषा व्यवस्थालाई लागु गर्नु, आफ्नै भाषामा शिक्षा दिने जनजातिहरूको अधिकारलाई स्थापित गरी त्यसको उपभोगको लागि राज्यद्वारा आवश्यक व्यवस्था गर्नु, पिछडिएका जनजाति र दलित जनसमुदायको उत्थानका लागि विभिन्न क्षेत्रमा एक निश्चित प्रतिशतमा आरक्षित स्थानको व्यवस्था गर्नु, पारस्परिक सम्मान तथा सहयोग र समानताको आधारमा जनजातिहरूमाझ मेल कायम गरी राष्ट्रिय एकतालाई सवल र सुदृढ पार्नु हो ।

घ) महिलाहरूको विद्यमान कमसल, दलित-पीडित स्थिति मध्ययुगीनवादको एउटा अवशेष हो । सबै क्षेत्रमा लैगिंक समानता अर्थात् महिलाहरूलाई पुरुष सरहका अधिकारहरूको स्थापना गर्नु, महिलाहरूमाथि गरिने पारिवारिक हिंसा अपहरण तथा बलात्कार र देहव्यापारलाई ठूलो अपराधको रूपमा त्यसको विरुद्ध कठोरतम् दण्डको व्यवस्था गर्नु बालबालिकाहरूको हकहितको लागि विशेष व्यवस्था गर्नु ।

हाम्रो मुलुकमा जनताको जनवादले पुरा गर्नुपर्ने प्रमुख अभिभाराहरू उपर्युक्त हुन् । नेपालमा मजदुरवर्गको पार्टी नेकपा कम्युनिष्ट पार्टी, नेपाल कम्युनिष्ट पार्टी स्थापित भएको बेलामा अर्थात् १९४९ सम्ममा, चीनमा माओत्सेतुङ्ग र चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा चलेको नौलो जनवादी क्रान्तिको विजयपूर्ण अग्रगति र विभिन्न मुलुकहरूमा जनताको जनवादले प्राप्त गरेका गौरवशाली सफलताहरूले जनताको जनवादी बाटो औचित्यलाई सावित गरिसकेका थिए । मुलुकमा चलिरहेको पुँजीवादी-जनवादी आन्दोलनलाई नौलो जनवादी दिशामा निर्देशित तथा नेतृत्व गर्ने जिम्मेवारी नेपाली मजदुरवर्गको सामु रहेको थियो र उक्त जिम्मेवारीले सन् १९४९ सेम्टेम्बर १५ तारिखमा (तदनुसार, २००६ भाद्र ३० गते) प्रकाशित नेपाल कम्युनिष्ट पार्टीको महत्वपूर्ण दस्तावेजमा (पहिलो घोषणापत्र) आफूलाई मूर्तरूपमा प्रस्तुत गऱ्यो । अर्धऔपनिवेशिक तथा अर्ध-सामन्ती मुलुकको राष्ट्रिय पुँजीपतिवर्ग आफ्नो कमजोर आर्थिक स्थिति र वर्गस्वार्थले गर्दा पूँजीवादी-जनवादी क्रान्तिलाई पूर्ण विजयसम्म बढाउन नसक्ने, ढुलमुल रहने, प्रतिक्रान्तिसितभन्दा क्रान्तिसित बढी डराउने र प्रतिक्रियावादी शक्तिहरूसित सम्झौता र मेल गर्ने प्रवृत्ति रहने तथ्यलाई स्पष्ट पार्दै उक्त घोषणा-पत्रले नेपाली मजदुर वर्गले पूँजीवादी जनवादी क्रान्तिको नेतृत्व गर्नुपर्ने आवश्यकता र त्यस्तो गर्ने वास्तविक संभावनालाई दर्शायो । त्यसमा नौलो जनवादी बाटोको आवश्यकताको वकालत गर्नुका साथै जनताको जनवादी कार्यक्रमलाई आधारभूत रूपमा प्रस्तुत गरियो । पुँजीवादी जनवादको विरुद्ध जनताको जनवादलाई प्रस्तुत गर्दै त्यसमा भनिएको थियो : 'नेपाली जनताले एउटा भिन्नैबाटो लिनुपर्छ, त्यो बाटो हो-विश्वजनवादी शिविरसित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपालमाथि साम्राज्यवादी-पूँजीवादी आधिपत्यलाई पुरैसित खतम पार्नु र मजदुर वर्गको नेतृत्वमा मेहनतकश जनताको राज्य स्थापना गर्नु, अर्थात् यस्तो राज्यव्यवस्था स्थापना गर्नु, जसमा जनता राष्ट्रको सम्पत्तिका मालिक हुनेछन् र उनीहरूले त्यसलाई आफ्नै फाइदाका लागि विकसित गर्नेछन् ।' त्यसमा मजदुर वर्गको नेतृत्व, 'स्वतन्त्र लोक-जनवादी नेपाल' को संस्थापन, 'एक बलियो जन कम्युनिष्ट पार्टी'को विकास आदिको आवश्यकतालाई स्पष्टसित देखाइएको थियो । वास्तवमा उक्त घोषणा-पत्र त्यस्तो पहिलो दस्तावेज थियो, जसमा जनताको जनवादको अवधारणालाई नेपाली क्रान्तिको सन्दर्भमा र नेपाली मजदुरवर्गको कार्यक्रमको रूपमा सर्वप्रथम पेश गरियो । *क्रमशः...*

झर्रोटर्रो ✍ कैलुब्राह

# सुप्रिमोको चुनावी बैठक

चुनाउमा आफ्नो दलले पाएको चालिसे भागमा सबैलाई जिताउनका लागि मिस्टर सुप्रिमोको गुटको बैठक लाजिम्पाटको लालदरबारमा बस्यो । त्यहाँ चुनाउ जित्ने रणनीतिका बारेमा व्यापक विचार विमर्श भयो । सुप्रिमोले चाणक्यका चार नीति लागू गर्ने प्रस्ताव उक्त बैठकमा पेस गरे । सो प्रस्तावलाई सर्वसम्मतीले पारित पनि गरियो । मार्क्सवाद पुरानो, थोत्रो र झुत्रे भइसकेको भन्दै अबको क्रान्ति आर्थिक क्रान्ति भएकाले चाणक्यवाद नै अबको सिद्धान्त बनाउनु पर्ने जिकिर गरे । मालेमावादी सिद्धान्त माओवादीले मात्रै मान्नु पर्ने र आफ्नो पार्टीले क्रमशः माओवाद छोड्दै गएको र नयाँ एमाले बन्दै गरेको हुनाले त्यसलाई मान्न उपयुक्त नभएको ठहर गर्दै अब मालेमावाद मान्ने जिम्मा आफ्ना प्युठानी गुरुको दलको हो भनेर उनैलाई छाडिदिनु पर्ने प्रस्ताव गरे । त्यो कुरालाई पनि कर्तल ध्वनिका साथ पास गरियो । जनयुद्धलाई साङ्ग्यता गरिसकिएको, त्यसका अवशेषहरू पनि समाप्त हुँदै गएको, धेरैजसो तन्नेरी कार्यकर्ता पनि आर्थिक क्रान्ति गर्न खाडितिर हिँडिसकेको, बचेखुचेकाले पनि जग्गा प्लटिङ, ठेकेदारी, गुप्त कारोवारतिर लागेको र नेताहरू पनि शहरतिरै केन्द्रीत भएर विविध धन्दामा लागेको हुनाले आर्थिक क्रान्तिका लागि आधार तयार भएको तर्क प्रस्तुत भयो । त्यसका लागि चाणक्य नीति नै सही भएको ठहर गरियो । अबको चुनाउमा चाणक्यका चार नीति सहित आफ्ना दुईवटा नीति थप गर्नुपर्ने कुरा सुप्रिमोले बताए । उनका दुई नीति भनेको मतगणना बहिष्कार र मतपत्र च्यात्ने नीति हो ।

जनयुद्धका दस वर्षमा आफ्नो नामबाट विकास गरिएको सुप्रिमोपथ खारेज भएको र धनयुद्धका दस वर्षमा विकास भएको सुप्रिमोपथ नै व्यवहारबाट समृद्ध भैसकेको हुनाले यो विचारलाई जोडतोडका साथ लागू गर्नुपर्ने तर्क पेस गरियो । जनयुद्धको सुप्रिमोपथ सफल हुन सकेन तर धनयुद्धका सुप्रिमोपथ त ब्यवहारबाट प्रमाणित भएर आएको छ । त्यसैले अबको सुप्रिमोपथ जनताको बहुदलीय जनवाद र धनवादसँग जोडेर लगिने छ । अबको सिर्जनात्मक मार्क्सवाद भनेको जबजवाद-चाणक्यवाद र सुप्रिमोपथ हुनेछ ।


आफ्ना थप दुई नीतिको व्यवहारिक पुष्टि सम्वन्धमा व्याख्या गर्दै उनले भने 'मने हाम्रो दलले हार्दै जान थालेपछि मतगणना कार्य बहिष्कार गर्नुपर्ने वक्तव्य फालेर हामीले गणनास्थलबाट बाहिरिएपछि दुनियाँ डगमगायो । पश्चिमाहरूको आपतकालिन बैठक बसेर जसरी हुन्च मिस्टर सुप्रिमोलाई संसदमा नछिराउने हो भने बहिष्कारवालातिर मिल्न जान्चन् र फेरि उपद्रो मच्चाउन सक्चन भनेर हामीलाई जिताउने खेलमा लागे । दुईदिन गणना कार्य स्थगन गरेर मतपेटिका इधरउधर पारेर सिराहाबाट हामी मने मलाई जिताइदिए । आर्को कुरा स्थानीय चुनाउमा हाम्री पुत्रीश्रीले चुनाउ हार्ने निश्चित भएपछि दुईजना कर्मठ लडाकु योद्धा कमरेडहरूले च्याचुत पार्नुभो र अदालतले पनि हाम्रै कुरोलाई सदर गर्न बाध्य भयो र फेरि चुनाउ गराएरै हामीले जित्यौँ । यी दुईवटा हाम्रा मौलिक विचार हुन् । लेनिनले भन्नुभएजस्तै ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै हामीले विचारको विकास र 'क्रान्ति' सफल गरेका हौँ । त्यसैले यी दुईवटा नीति हाम्रा पुँजी हुन् । समाजवादी क्रान्तिका आधार हुन् । अबको हाम्रो वैचारिक आदर्श भनेको चाणक्यवाद र सुप्रिमोपथ हो ।'

यति प्रस्ताव बैठकमा पेश भएपछि चुनाउ त कसैले भोट हाले पनि नहाले पनि जितिने पक्कापक्की भयो । रह्यो कुरा उमेद्वारको टुङ्गो लाउने । बैठकमा उमेद्वारहरूका बारेमा पनि व्यापक छलफल भयो । कस्ता खाले नेता वा कार्यकर्तालाई उमेद्वार बनाउने त भन्ने जिज्ञासा बैठकमा उत्पन्न भयो । सुप्रिमोले नै निर्णय सुनाए । 'यसपाला सूर्यछाप दलसँग पार्टी एकता गर्ने योजना सहितको चुनावी दाम्लो बाटिएकाले लरतरालाई उठाउनु हुँदैन । गोजिमा प्रसस्त गाँठ भएका, साम, दाम, दण्ड, भेद र सुप्रिमोपथलाई दह्रोसँग लागू गर्न सक्ने, चुल्ठे, मुन्द्रे, दाह्रे नङ्ग्रे जस्ता योद्धा प्रयोग गर्न सक्ने, पुराना पाका, सत्ता चलाउन अभ्यस्त भएकाहरूलाई नै उमेद्वार बनाउनु पर्च । नयाँ अनुहार र तरुनी तन्नेरीहरूलाई उठायौँ भने चुनाउमा नतिजा राम्रो नआउन सक्च । यतिखेर हामीले पाएको चालिसे भागमा धेरैलाई जिताउन सकेनौँ भने भोली सरकारमा मन्त्री पठाउँदा, पार्टी एकता गर्दा नेता छान्दा हामीले सालिसे भाग नपाउन सक्चौँ । त्यसैले यसपालाको समानुपतिकमा पनि पार्टीलाई चन्दासन्दा दिने र प्रत्यक्ष चुनाउमा सीट नापाएका ठूला नेताका श्रीमान् वा श्रीमती र उनका आफन्तहरूलाई सूचिमा राख्नु पर्च । तल्ला तहका कार्यकर्ता नेताहरूको त उमेर छ, भविश्य त उनीहरूकै त हो । हाम्रो उखानै छ 'युवाहरू भविश्यका कर्णधार हुन्' । त्यसैले उनीहरूले भविश्यमा उमेद्वारी पाइहाल्चन । यसपाली पुराना पाका, अनुभवि, सत्ता चलाएर गाँठको जोहो गरिसकेकाहरू नै उमेद्वार हुन्चन् । कसैले यो कुराको विरोध गरेर आफ्नै र गठबन्धने दाम्लाका सहयात्री दलका विरुद्ध विद्रोह गरि दागा धऱ्यो भने त्यसलाई तत्काल पार्टीबाट निश्काषन गर्नु पर्च । पछि विद्रोहीहरूले नै कथम्कदाचित जितिहाले भने ससम्मान पार्टीमा स्वागत गरिन्च, यदि हारे र हराए भने उनीहरूलाई पार्टीबाट लखेटिन्च ।'

यसरी उमेद्वारका बारेमा सुप्रिमोले निर्णय सुनाएपछि बैठकमा कर्तल ध्वनिका साथ तररर तालि बजाएर समर्थन गरियो । बैठक सकियो । इतिस्कन्धे कार्तिक माहात्म्य सुप्रिमोध्याय शुभम् ।

*२६ कात्तिक २०७४*

kailubraha73@gmail.com



# निर्वाचन उपयोगको नीतिले उत्साह, गतिशिलता र अनुकूलता बढेर गएको छ

□ सीपी गजुरेल, अध्यक्ष- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

***वाम र लोकतान्त्रिक गठबन्धनको नाममा सिंगै देशलाई दुई गठबन्धनतिर लतार ीरहेको अवस्थामा देजमोले कुनै गठबन्धनको पनि पछि नलागी देशैभर प्रतिनिधिसभा र प्रदेशसभामा प्रत्यक्ष र समानुपातिकमा गरी ५ सय २८ जनालाई उम्मेदवार बनायो । धेरैले सोचे अनुमान गरेभन्दा व्यापक र हस्तक्षेपपूर्ण यो उम्मेदवारीलाई गठबन्धनवालाहरूले कसरी लिएको पाउनु भएको छ ?***

तपाईंले उल्लेख गर्नु भएको कुरा सहि नै हो । केही समय पहिले नेपालमा ‘वामपन्थी’का नाममा एमालेको नेतृत्वमा एउटा र ‘लोकतान्त्रिक’का नाममा नेपाली कांग्रेसका नाममा अर्को गठवन्धन बनाइएका छन् । न त एमाले र माओवादी केन्द्र (माके) मिलाएर बनाइएको गठबन्धन वामपन्थी हो, न त नेका र राप्रपाहरू मिलेर बनेको गठबन्धन लोकतान्त्रिक हो, ती दुबै प्रतिकृयावादी गठबन्धन हुन् । त्यसकारण हामी ती दुबैका पछाडि नलागेर तिनीहरूको भण्डाफोर गरिरहेका छौं र हामीले प्रत्यक्ष र समानुपातिक दुबैमा तपाईंहरूले उल्लेख गरेजस्तै आफूलाई ठूला पार्टी भन्नेहरू जतिकै उमेदवारी दिएका छौं । यो कुरा पनि सत्य हो कि देशी र विदेशी प्रतिकृयावादी शक्तिहरूले ने क पा (क्रान्तिकारी माओवादी) लाई पटक पटक फुटाएर लिथो-लिथो बनाएका छन् । अर्कातिर देशभक्त जनगणतान्त्रिक मोर्चा नयाँ संगठन पनि भएको हुनाले हामीले यति व्यापक र हस्तक्षेपपूर्ण उमेदवारी दिन सक्ने छौं वा दिनेछौं भन्ने धेरैले सोचेका पनि थिएनन् होला । हाम्रो यस प्रकारको हस्तक्षेपले एकातिर क्रान्तिकारी पंक्ति र खासगरी वामपन्थी जनताका वीचमा ठुलो उत्साह पैदा भएको छ भने प्रतिकृयावादी गठबन्धनमा एक प्रकारको त्रास पैदा भएको छ ।

***प्रतिक्रियावादी संसदीय व्यवस्थाको निर्वाचनलाई उपयोग गरेपछि दुईमध्ये एक गठबन्धनमा गएको भए केही सिट सुरक्षित हुने र संसदमा प्रतिनिधित्व सुनिश्चित हुने सम्भावना रहँदा रहँदै त्यतातर्फ तपाईंहरूले रूचि देखाउनु भएन भनेर केही शुभचिन्तकहरूले समेत टिप्पणी गर्ने गरेका छन् नि ?***

हो यो कुरा हामीले पनि सुनेका छौं । शुभचिन्तकहरूको एउटा हिस्साले चुनावमा गठवन्धन सँगै मिलेर वा आफैं गठवन्धनमा सामेल भएर केही सिट जितेर ठुलो संसदीय पार्टी बनिदिए जनताका र राष्ट्रका समस्याका विषयमा लडि दिने, संघर्ष गर्ने शक्ति हुने थियो भन्ने चाहना राखेर यो विषयलाई यस प्रकार उठाएको बुझिन्छ । व्यवहारिक हिसावले र एउटा कोणबाट हेर्दा यो सहि नै देखिन्छ । तर हामीले यो बाटो पक्डिदिएको भए, हामी पनि त्यही गठवन्धनमा सामेल हुन पुगेको भए, नेपालमा क्रान्तिकारी आन्दोलन अघि बढाउने, समाजमा आमूल परिवर्तन गर्ने एजेण्डा बोकेको, राष्ट्रिय स्वाधिनतालाई जोगाउने, गास, बास, कपासका समस्या, बेरोजगारीका समस्याका समाधानका लागि लड्ने कुनै पार्टी वा संगठन नै बाँकिरहने थिएन । त्यसैले हामीले त्यसलाई इन्कार गरेर गठवन्धनको विकल्पको क्रान्तिकारी शक्ति बन्ने बाटो रोजेका छौं । हामीलाई लाग्दछ, दीर्घकालिन दृष्टिले हामीले रोजेको बाटो सहि छ र चाँडै नै यो तथ्य प्रमाणित हुनेछ ।

***गठबन्धनका पार्टीहरूले तस्कर, गुण्डा नाइके, माफिया, ठेकेदार, व्यापारी, भ्रष्टाचारी र विदेशी दलालहरूलाई जनआलोचनाका बीच पनि उम्मेदवार बनाएको पाइएको छ । देजमोले बनाएका उम्मेदवारहरू चाहिं के कस्ता छन् ? संक्षिप्तमा बताइदिनुस् न ।***

यो पश्चगामी संविधान, यो प्रतिकृयावादी राज्यव्यवस्थाको एउटा सुनियोजित योजना हो चुनावलाई यति खर्चालु बनाउने कि त्यसमा अकुत सम्पत्ती नभएका मानिसहरूको पहुँच नै नहोस् । यो कुरा सत्य हो कि अकुत सम्पत्ति त तस्कर, गुण्डा नाइके, माफिया, ठेकदार, भ्रष्टाचारी र विदेशी दलालहरूसँग नै छ । त्यसकारण, यो निर्वाचनमा गठबन्धनले यस्तै मानिसहरूलाई उमेदवार बनाएका छन् । यस प्रकारका मानिसहरूले चुनाव जितेपछि नेपालको राजनीतिमा नै यिनीहरू हावी हुने छन् । सरकारमा पनि यिनैको वर्चस्व कायम हुने छ । यो पश्चगामी संविधानले नेपाली समाजलाई दिएको उपहार हो यो । कुनै पनि सभ्य देशमा यस्तो हुँदैन । नेपालको राजनीतिक क्षेत्रमा भित्र्याइएको एउटा डरलाग्दो विकृती हो । यो विकृतीबाट नेपाली राजनीतिलाई मुक्त पार्नु अत्यन्त जरुरी छ । नेपालमा आन्दोलन गर्नु पर्ने एउटा विषय यो पनि बनेको छ । देशभक्त जनगणतान्त्रिक मोर्चाले बनाएका उमेदवारहरू जनताको पक्षमा उभिएका, क्रान्तिकारी आन्दोलनमा खारिएका व्यक्तिहरू नै छन् । हाम्रा उमेदवार त्यस प्रकारको विकृतिका बिरोधी छन् । कसैले एकजना पनि त्यस प्रकारका विकृतीको शिकार उमेदवार भएको पाउन सक्नेछैन, देजमोले दिएका उमेदवार भित्रबाट ।

***अहिलेको व्यवस्थामा पैसा हुनेले मात्र चुनाव जित्ने देखियो । संसदीय व्यवस्थाका पक्षधरहरू, जोसँग पैसा छैन, उनीहरूसमेतले चुनाव लड्न नसक्ने र राजनीति गर्न नसक्ने स्थिति पैदा भयो । यस्तो परिपाटीले मुलुकलाई कतातिर लैजाने देख्नुहुन्छ ?***

यस विषयमा माथि पनि चर्चा भैसकेको छ । यो कुरा सत्य हो कि ने.का., एमाले, माके, राप्रपाभित्र पनि जो अकुत सम्पत्ति आर्जन गर्न नसक्नेहरू छन्, अब तिनीहरूको राजनीतिक भविष्य देखिँदैन । तिनीहरू पनि राजनीतिलाई यो विकृतिबाट मुक्त पार्नु पर्दछ भन्ने हाम्रो भनाईप्रति आकर्षित हुँदै गइरहेका छन् । यदि यही परिपाटी कायम रहि रह्यो भने देश रसातलतिर भासिँदै जानेछ र अन्तमा नेपाल एउटा असफल राष्ट्र बन्ने खतरा पैदा हुनेछ । त्यसैकारण हामीले यसको विरोधमा अहिले ेखि नै जनतालाई सचेत पार्दै लगेका छौं । हामीले यो विषयलाई चुनावको एउटा प्रमुख मुद्दा बनाएका छौं ।

***देजमोको पछिल्लो उम्मेदवारीपछि क्रान्तिकारी माओवादी र देजमोप्रति देशी विदेशी शक्तिकेन्द्रहरूको चासो र सोधीखोजी बढेर गएको देखिन्छ । यसमा कारण के देख्नुहुन्छ ?***

यो कुरा सत्य हो कि यतिखेर देशभक्त जनगणतान्त्रिक मोर्चाप्रति देशी, विदेशी प्रतिकृयावादी शक्तिहरूको चासो निकै नै बढेको छ । यसको कारण के हो भने माकेले हाम्रो पार्टीलाई तहशनहश बनाउने जिम्मेवारी नै लिएको थियो भन्ने बुझिन्छ र उनीहरूले के प्रचारवाजी गरेका थिए भने अब नेकपा (क्रान्तिकारी माओवादी)को अस्तित्व नै समाप्त भै सक्यो । देशभक्त जन गणतान्त्रिक मोर्चालाई त तिनीहरूले गन्ति नै गरेका थिएनन् । तर यतिखेर नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देजमो एउटा वैकल्पिक शक्तिको रूपमा अगाडि आयो, तिनीहरू चकित भएका छन् र यसलाई ठुलो चुनौतिका रूपमा लिन थालेका छन् । दुईवटा प्रतिकृयावादी गठवन्धनले नेपालको राजनीति कब्जा गर्ने तिनीहरूको गुरुयोजना देजमोको विकासले गर्दा असफल हुने जस्तो देखेपछि तिनीहरू यसका बिरुद्ध निकै चर्को किसिमले लाग्ने संभावना बढेको छ ।

***वर्तमान संसदीय व्यवस्था र नवउदारवादी अर्थतन्त्रको विकल्प जनताले खोजिरहेका छन् । त्यो विकल्प क्रान्तिकारी माओवादी तथा देजमोले दिन सक्छ ? संक्षिप्तमा बताइदिनुस् न ।***

वैचारिक र राजनीतिक हिसावले हामीले त्यसको विकल्प खडा गरिसकेका छौं । तर आत्मगत वा भौतिक शक्तिका हिसाबले अहिले नै त्यसको विकल्प तयार भै सकेको छैन । हामी यतिखेर त्यसैको तयारी गरिरहेका छौ । देजमोले यो निर्वाचन उपयोग गर्नुको औचित्य पनि त्यसैमा छ । हामी अहिले शक्ति संचय गर्ने काममा अघि बढिरहेका छौं ।

***स्थानीय तहको निर्वाचनपछि दैनिक उपभोग्य वस्तुमा महंगी आकासिएको छ, युवाहरू विदेशिने क्रम अझ बढेको छ, निर्वाचित प्रतिनिधिहरूले अनेकौं कर लगाएर जनतामाथि जथाभावी भार बोकाउन थालेका छन्, भ्रष्टाचार खुल्लेआम र संस्थागत रूपमा बढेर गएको छ । यी मुद्दाहरूलाई जनसहभागितासहित उठाउन किन सकिरहेको छैन देजमोले ?***

तपाईंहरूले उठाउनु भएको विषय सही हो । दलाल, नोकरशाही पुँजीपति वर्ग हावी भएको यो राजनीति र राज्यव्यवस्थाले देशमा थोपर्ने यो बोझ अब दिनदिनै थेगिनसक्नु हँदै जाने छ । यसका बिरुद्ध देजमो जनतालाई सचेत बनाउने र शक्ति संचय गर्ने काममा सकृय रूपमा लागेको छ । जनतामा अवसरवादी र प्रतिकृयावादीहरूबाट चौतर्फी रूपमा जुन भ्रम पार्ने काम भै रहेको छ, त्यसबाट जनता एकै पटक सबै कुरा बुझेर सडकमै उत्रिहाल्न सक्छन् भनेर सोच्न सकिँदैन । यसका निमित्त कठिन मेहनत गरेर जनतालाई बुझाउनु र क्रान्तिकारी आन्दोलनका लागि तयार पार्नु पर्दछ । यो काम हामीले गरिरहेका छौं ।

***निर्वाचन उपयोगको कार्यनीतिलाई कार्यान्वयन गर्दै गर्दा के कस्ता चुनौती र सम्भावनाको आँकलन गर्नुभएको छ ?***

यसमा ठोस रूपमा भन्नु पर्दा दुईवटा चुनौती देखा परेका छन् : प्रथम, पटक पटकको फुटबाट संगठनको आत्मगत शक्ति आवश्यकताको तुलनामा कमजोर हुनु । दोस्रो, सबैतिरको घेराबन्दीका कारण सबै संगठन र आन्दोलनको व्यवस्थापनका लागि आर्थिक पक्ष कमजोर हुनु । जहाँ सम्म संभावनाको कुरा छ, त्यो त धेरै राम्रो छ । खासगरी माकेको एमालेमा विलयको प्रकृया अन्तिमतिर जाँदै गर्दा हामी नै एकमात्र क्रान्तिकारी विकल्पको रूपमा स्थापित हुँदै गएका छौं । नेपालमा क्रान्तिकारी परिवर्तनको आवश्यकता दिनदिनै सावित हुँदै जाने छ । त्यसको निमित्त लड्ने एकमात्र शक्तिका रूपमा स्थापित हुन पाउनु हाम्रो लागि सबै भन्दा ठुलो अवसर हो ।

***निर्वाचन उपयोगलाई लडाइँको अर्को मोर्चाको रूपमा बुझ्दै तमाम समस्याहरूलाई चिरेर उम्मेदवारी दिने उम्मेदवारहरूलाई के भन्नुहुन्छ ?***

माथि उल्लेख भैसकेको छ कि नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जन गणतान्त्रिक मोर्चाले निर्वाचनमा यति ठुलो मात्रामा हस्तक्षेपकारी भूमिका खेल्छ भन्ने धेरैले कल्पना गरेका थिएनन् । अन्य पार्टीहरूमा अराजकता यति धेरै व्यापक भएको अवस्थामा देजमो माथिदेखि तलसम्म यति अनुशासित, संगठित र सुदृढ भएर आउला भन्ने मानिसलाई लागेको थिएन । त्यो कुरा हामीले व्यवहारमा देखाएका छौं । यसप्रकारको प्रतिकुल अवस्थामा पनि हरेक प्रकारका चुनौतीको सामना गर्दै देजमोका साथीहरूले जुन उमेदवारी दिनु भएको छ, त्यसले त हामीले एउटा उदाहरण नै प्रस्तुत गरेका छौं भन्ने लाग्दछ । यसले देजमोको मात्र होइन नेपाली क्रान्तिको भविष्य पनि उज्ज्वल छ भन्ने दर्शाउँछ ।

***अन्तमा, अहिले धेरै विषयमा चासो र जिज्ञासाको बीचमा रहेको देजमोको केन्िीय अध्यक्षको हैसियतले आमूल परिवर्तनका पक्षधर आम जनसमुदायमा के आव्हान गर्न चाहनुहुन्छ ?***

देशभक्त जनगणतान्त्रिक मोर्चाले असाध्यै प्रतिकुल अवस्थामा काम गर्नु पर्‍यो । अनुकुलता कतै देख्दै नदेख्दा, जतासुकै पलायन, विचलन, राजनीतिक अनैतिकता देखेर त्यसबाट जसरी निरासा पैदा भएको थियो, त्यो अहिले विस्तारै चिर्ने काम भएको छ । यतिखेर केही उत्साह, केही गतिशिलता देखा पर्दै गएको छ, केही अनुकुलता देखा परेको छ । नेपाली समाजमा छाएको अन्यौलको तुवाँलो विस्तारै फाट्दै गएको छ । नेपालमा क्रान्तिका लागि वस्तुगत पक्ष एकदमै परिपक्व देखिन्छ । आत्मगत पक्षलाई बलियो पार्ने काममा जसरी हामी लागिरहेका छौं, त्यसले क्रान्तिकारी पंक्तिलाई केही उत्साहित त बनाएको छ । तर क्रान्तिकारी आन्दोलन नै उठाउनका लागि यतिमात्र पर्याप्त हुँदैन । त्यसका निमित्त आमूल परिवर्तनका पक्षधर जनसमुदायसँग ढुक्क भएर हाम्रा कार्यक्रममा सहभागी हुने र नेपालमा आगामी दिनमा क्रान्तिकारी आन्दोलनको आँधिबेहरी सृष्टि गर्ने काममा सकृय रूपमा अगाडि बढ्नका लागि आह्वान गर्न चाहन्छु ।

# अक्टोबर क्रान्तिको शतबार्षिकीमा क्रान्तिकारी माओवादीले जारी गरेको वक्तव्य

काठमाडौं । महन् अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकीको ऐतिहासिक दिनको अवसरमा पार्टीको तर्फबाट नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य‘ किरण’ले एक प्रेस-वक्तव्य जारी गर्नुभएको छ । नोभेम्बर ७ अर्थात् मंगलबार जारी गरिएको वक्तव्यको पूर्ण पाठ यस्तो रहेको छ, “रुसमा लेनिनको नेतृत्व रहेको सर्वहारा वर्गको राजनीतिक पार्टीद्वारा १९१७ अक्टोबर २५ (नोभेम्बर ७) मा सर्वहारा समाजवादी क्रान्ति सम्पन्न भएको थियो र आज सो क्रान्ति सम्पन्न भएको एक सय बर्ष पुरा भएको छ । महान् ऐतिहासिक अक्टोबर क्रान्तिले विश्व इतिहासमा गुणात्मक छलाङ्का रूपमा सर्वहारा अधिनायकत्वको नयाँ युगको थालनी गर्‍यो । यस महान क्रान्तिले विश्वव्यापी रूपमा विश्व सर्वहारावर्ग र उत्पीडित जनसमुदायलाई धक्कामूलक प्रभाव पार्‍यो र विभिन्न देशमा सर्वहारावर्गको नेतृत्वमा जनवादी तथा समाजवादी क्रान्ति सम्पन्न हुँदै आए । रुसमा एकातिर समाजवाद निर्माणका काम सशक्त रूपमा अगाडि बढ्यो भने अर्कोितर तेस्रो अन्तराष्ट्रियको निर्माण गरी विश्वव्यापी रूपमा क्रान्तिको तयारीको प्रक्रियालाई अगाडि बढाइयो ।

यद्यपि, अहिले सोभियत रुस लगायतका क्रान्ति सम्पन्न भएका विभिन्न मुलुकहरूमा प्रतिक्रान्ति भएका छन् र पुँजीवादी तथा प्रतिक्रियावादीहरूले अब कम्युनिज्मको अन्त भएको घोषणा गरेका छन्, तर त्यो उनीहरूको दिवास्वप्न मात्र हो । मार्क्सले पेरिस कम्युनका सन्दर्भमा भनेझैं अक्टोबर क्रान्तिका सिद्धान्तहरू शाश्वत र अविनाशी छन्, जबसम्म विश्व सर्वहारा वर्ग र उत्पीडित मानव जातिको मुक्ति हुँदैन, तबसम्म अक्टोबर क्रान्तिका सिद्धान्त बारम्बार प्रकट भइरहने छन् । अहिलेको पराजय अस्थायी तथा क्षणिक हो, साम्राज्यवाद गंभीर संकटमा फसिरहेको वर्तमान विश्वमा र नेपालमा पनि सर्वहारावर्गको नेतृत्वमा क्रान्ति आवश्यक तथा सम्भव दुवै छ ।

आज विश्वका विभिन्न देश र नेपालमा पनि अक्टोबर क्रान्तिको शतवार्षिकी समारोह निकै उत्साह र उल्लासका साथ मनाइदै छ । यस महान् अवसरमा हाम्रो पार्टी विश्वका सर्वहारावर्ग, उत्पीडित जनसमुदाय र सच्चा क्रान्तिकारी कम्युनिष्ट पार्टी तथा संगठन र हाम्रै देशका जनसमुदाय र पार्टीका कमरेडहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्दछ । अक्टोबर क्रान्तिको शतवार्षिकी समारोह मनाउनुको सार्थकता र वास्तविक मूल्य साम्राज्यवाद तथा विस्तारवादसहित सबै खाले प्रतिक्रियावाद र दक्षिणपन्थी संशोधनवादका विरुद्ध मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा क्रान्तिको तयारीको दिशामा गम्भीरतापूर्वक तथा प्रभावकारी रूपमा अगाडि बढ्नु हो क्रान्तिकारी लाल सलाम !

# देजमोका समानुपातिक तर्फका प्रतिनिधिसभाका उम्मेदवारहरूको नामावली

| क्र. सं. | उम्मेदवारको नाम (बन्दसूची) | बन्दसूचीको क्रम | लिङ्ग (बन्दसूची) | समावेशी समूह |
|---|---|---|---|---|
| १ | प्रा.डा. ओमप्रसाद गुरु | १ | पुरुष | आदिवासी जनजाति |
| २ | कान्छा राम तामाङ | २ | पुरुष | आदिवासी जनजाति |
| ३ | भक्त राज थापा | ३ | पुरुष | आदिवासी जनजाति |
| ४ | मोहन सिंह तामाङ लामा | ४ | पुरुष | आदिवासी जनजाति |
| ५ | सूर्य बहादुर नकर्मी | ५ | पुरुष | आदिवासी जनजाति |
| ६ | ज्ञानेन्द्र मान श्रेष्ठ | ६ | पुरुष | आदिवासी जनजाति |
| ७ | श्रीकृष्ण सुलु | ७ | पुरुष | आदिवासी जनजाति |
| ८ | चुनाव कुमार बल | ८ | पुरुष | आदिवासी जनजाति |
| ९ | बम बहादुर छन्त्याल | ९ | पुरुष | आदिवासी जनजाति |
| १० | अजय कुमार श्रेष्ठ | १० | पुरुष | आदिवासी जनजाति |
| ११ | तोरण बहादुर गुरुङ | ११ | पुरुष | आदिवासी जनजाति |
| १२ | रुद्र बहादुर साम्पाङ्ग राई | १२ | पुरुष | आदिवासी जनजाति |
| १३ | भूपेन्द्र लावती | १३ | पुरुष | आदिवासी जनजाति |
| १४ | पदम बहादुर योञ्जन | १४ | पुरुष | आदिवासी जनजाति |
| १५ | तीर्थ राई | १५ | पुरुष | आदिवासी जनजाति |
| १६ | मंगल बहादुर मोक्तान | १६ | पुरुष | आदिवासी जनजाति |
| १७ | विन्दा कुमारी मगर | १७ | महिला | आदिवासी जनजाति |
| १८ | पेम डोमा शेर्पा | १८ | महिला | आदिवासी जनजाति |
| १९ | महालक्ष्मी श्रेष्ठ | १९ | महिला | आदिवासी जनजाति |
| २० | सोनाम लामा | २० | महिला | आदिवासी जनजाति |
| २१ | राधा सितिखु | २१ | महिला | आदिवासी जनजाति |
| २२ | देवी थापा | २२ | महिला | आदिवासी जनजाति |
| २३ | कल्पना थापा | २३ | महिला | आदिवासी जनजाति |
| २४ | तेली माया थिङ | २४ | महिला | आदिवासी जनजाति |
| २५ | सन्त कुमारी घर्ती | २५ | महिला | आदिवासी जनजाति |
| २६ | विष्णु बुढामगर | २६ | महिला | आदिवासी जनजाति |
| २७ | सुमित्रा श्रेष्ठ | २७ | महिला | आदिवासी जनजाति |
| २८ | हुमकुमारी लामा | २८ | महिला | आदिवासी जनजाति |
| २९ | अञ्जु लामा | २९ | महिला | आदिवासी जनजाति |
| ३० | शोभा कुमारी श्रेष्ठ | ३० | महिला | आदिवासी जनजाति |
| ३१ | सन्त कुमारी घले गुरुङ | ३१ | महिला | आदिवासी जनजाति |
| ३२ | शर्मिला महर्जन | ३२ | महिला | आदिवासी जनजाति |
| ३३ | अशोक कुमार लम्साल | ३३ | पुरुष | खस आर्य |
| ३४ | पिताम्बर आचार्य | ३४ | पुरुष | खस आर्य |
| ३५ | हर्क बहादुर शाही | ३५ | पुरुष | खस आर्य |
| ३६ | दिल बहादुर बम | ३६ | पुरुष | खस आर्य |
| ३७ | भुमिश्वर कँडेल | ३७ | पुरुष | खस आर्य |
| ३८ | डा.सुरेन्द्र खनाल | ३८ | पुरुष | खस आर्य |
| ३९ | नेत्र बहादुर रानाभाट | ३९ | पुरुष | खस आर्य |
| ४० | टंक राम अधिकारी | ४० | पुरुष | खस आर्य |
| ४१ | गणेश बास्कोटा | ४१ | पुरुष | खस आर्य |
| ४२ | यम बहादुर शाह | ४२ | पुरुष | खस आर्य |
| ४३ | तेजिन्द्र प्रसाद पौडेल | ४३ | पुरुष | खस आर्य |
| ४४ | रमन कार्की | ४४ | पुरुष | खस आर्य |
| ४५ | फडिन्द्र कार्की | ४५ | पुरुष | खस आर्य |
| ४६ | रत्न बहादुर सिंह | ४६ | पुरुष | खस आर्य |
| ४७ | वीरेन्द्र बहादुर सिंह | ४७ | पुरुष | खस आर्य |
| ४८ | निर्माण कुमार कार्की | ४८ | पुरुष | खस आर्य |
| ४९ | श्याम बहादुर कार्की | ४९ | पुरुष | खस आर्य |
| ५० | अम्बिका मुडभरी | ५० | महिला | खस आर्य |
| ५१ | धन कुमारी सिटौला | ५१ | महिला | खस आर्य |
| ५२ | चन्द्र कुमारी थानी शर्मा | ५२ | महिला | खस आर्य |
| ५३ | इन्दिरा अधिकारी | ५३ | महिला | खस आर्य |
| ५४ | सुशिला अधिकारी (थापा) | ५४ | महिला | खस आर्य |
| ५५ | सुशीला आचार्य (वैद्य) | ५५ | महिला | खस आर्य |
| ५६ | इन्दिरा रायमाझी | ५६ | महिला | खस आर्य |
| ५७ | रूपा कुमारी गेलाल | ५७ | महिला | खस आर्य |
| ५८ | अम्बिा देवी पाण्डे | ५८ | महिला | खस आर्य |
| ५९ | कल्पना विन्दु गौतम | ५९ | महिला | खस आर्य |
| ६० | सरिता बस्नेत काफ्ले | ६० | महिला | खस आर्य |
| ६१ | माया देवी घिमिरे | ६१ | महिला | खस आर्य |
| ६२ | निर्मला शाही | ६२ | महिला | खस आर्य |
| ६३ | धन कुमारी (देवी) भण्डारी | ६३ | महिला | खस आर्य |
| ६४ | अनिता देवी घिमिरे (राई) | ६४ | महिला | खस आर्य |
| ६५ | दुर्गा कुमारी (थापा) चौलागाई | ६५ | महिला | खस आर्य |
| ६६ | गिता अधिकारी | ६६ | महिला | खस आर्य |
| ६७ | कमल लाल चौधरी | ६७ | पुरुष | थारु |
| ६८ | मदन लाल चौधरी | ६८ | पुरुष | थारु |
| ६९ | प्रेम राय थारु | ६९ | पुरुष | थारु |
| ७० | अमिरका कुमारी चौधरी | ७० | महिला | थारु |
| ७१ | शर्मिला देवी चौधरी | ७१ | महिला | थारु |
| ७२ | असुतुरनी देवी थरुनी | ७२ | महिला | थारु |
| ७३ | कुसुम देवी थरुनी | ७३ | महिला | थारु |
| ७४ | केश बहादुर परियार | ७४ | पुरुष | दलित |
| ७५ | रामआश्रय महरा | ७५ | पुरुष | दलित |
| ७६ | विष्णु राम दमार्य | ७६ | पुरुष | दलित |
| ७७ | गोपाल बहादुर विश्वकर्मा | ७७ | पुरुष | दलित |
| ७८ | विष्णुकुमार गौतम | ७८ | पुरुष | दलित |
| ७९ | पदम बहादुर दमाई | ७९ | पुरुष | दलित |
| ८० | रोशन विशुंके | ८० | पुरुष | दलित |
| ८१ | विष्णु देवी परियार | ८१ | महिला | दलित |
| ८२ | शान्ति विश्वकर्मा | ८२ | महिला | दलित |
| ८३ | निर्मला वि.क. | ८३ | महिला | दलित |
| ८४ | रेखा सार्की | ८४ | महिला | दलित |
| ८५ | अप्सरा देवी विश्वकर्मा | ८५ | महिला | दलित |
| ८६ | अम्बिका कुमारी परियार | ८६ | महिला | दलित |
| ८७ | लिला कुमारी राम | ८७ | महिला | दलित |
| ८८ | उमा विशुंके | ८८ | महिला | दलित |
| ८९ | शितल नारायण लाल कर्ण | ८९ | पुरुष | मधेसी |
| ९० | सञ्जय सिंह | ९० | पुरुष | मधेसी |
| ९१ | शम्भु शाह | ९१ | पुरुष | मधेसी |
| ९२ | रंगीलाल यादव | ९२ | पुरुष | मधेसी |
| ९३ | गंगाराम राम यादव | ९३ | पुरुष | मधेसी |
| ९४ | हरि किशोर लाभ कर्ण | ९४ | पुरुष | मधेसी |
| ९५ | राजु यादव | ९५ | पुरुष | मधेसी |
| ९६ | राजेश्वर यादव | ९६ | पुरुष | मधेसी |
| ९७ | तेतरी देवी | ९७ | महिला | मधेसी |
| ९८ | देवकलि देवी यादव | ९८ | महिला | मधेसी |
| ९९ | सुमित्रा देवी राय | ९९ | महिला | मधेसी |
| १०० | रेखा साह | १०० | महिला | मधेसी |
| १०१ | कुमारी अनिता यादव | १०१ | महिला | मधेसी |
| १०२ | आशा झा | १०२ | महिला | मधेसी |
| १०३ | निर्मला देवी यादव | १०३ | महिला | मधेसी |
| १०४ | सुमित्रा देवी यादव | १०४ | महिला | मधेसी |
| १०५ | गीता कुमारी मण्डल | १०५ | महिला | मधेसी |
| १०६ | तेजामुदिन साह देवान | १०६ | पुरुष | मुस्लिम |
| १०७ | रसिद मियाँ अन्सारी | १०७ | पुरुष | मुस्लिम |
| १०८ | हनिफा बेगम गुजर | १०८ | महिला | मुस्लिम |
| १०९ | शाकिरा खातुन दर्जी | १०९ | महिला | मुस्लिम |
| ११० | ससिना खातुन | ११० | महिला | मुस्लिम |

# देजमोका समानुपातिक तर्फका प्रदेशसभाका उम्मेदवारहरूको नामावली

| | क्र. सं. | उम्मेदवारको नाम | बन्दसूची क्रम | लिंग | समावेशी समूह |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | नगेन्द्र प्रसाद राई | १ | पुरुष | आदिवासी जनजाति |
| | २ | सुमित्रा कुमारी चौधरी | २ | महिला | थारु |
| | ३ | पुण्यप्रसाद शिवाकोटी | ३ | पुरुष | खस आर्य |
| | ४ | योगेन्द्र प्रसाद राजवंशी | ४ | पुरुष | आदिवासी जनजाति |
| | ५ | सुस्मिला शर्मा | ५ | महिला | खस आर्य |
| | ६ | लोमनाथ भण्डारी | ६ | पुरुष | खस आर्य |
| | ७ | गंगामाया बम | ७ | महिला | खस आर्य |
| | ८ | नरेन्द्र बहादुर नेम्वाङ | ८ | पुरुष | आदिवासी जनजाति |
| | ९ | हिरामाया मगर | ९ | महिला | आदिवासी जनजाति |
| | १० | पुजा कुमारी मण्डल | १० | महिला | मधेसी |
| | ११ | प्रेम कुमार उराउ | ११ | पुरुष | आदिवासी जनजाति |
| | १२ | नसिमा खातुन | १२ | महिला | मुस्लिम |
| | १३ | पूर्ण बहादुर विश्वकर्मा | १३ | पुरुष | दलित |
| | १४ | प्रेमिका याखा | १४ | महिला | आदिवासी जनजाति |
| | १५ | डिकबहादुर मगर | १५ | पुरुष | आदिवासी जनजाति |
| | १६ | पदम बहादुर फुयेल | १६ | पुरुष | खस आर्य |
| | १७ | ममता कुमारी विश्वकर्मा | १७ | महिला | दलित |
| | १८ | उदय बहादुर बस्नेत | १८ | पुरुष | खस आर्य |
| | १९ | गंगादेवी राई | १९ | महिला | आदिवासी जनजाति |
| | २० | पुनम राई | २० | महिला | आदिवासी जनजाति |
| | २१ | रञ्जिता राई | २१ | महिला | आदिवासी जनजाति |
| | २२ | सहदेव राजवंशी | २२ | पुरुष | आदिवासी जनजाति |
| | २३ | राजोदेवी कामत | २३ | महिला | मधेसी |
| | २४ | सन्तोष कुमार हेमरम | २४ | पुरुष | आदिवासी जनजाति |
| | २५ | कृष्णमाया घिमिरे | २५ | महिला | खस आर्य |
| | २६ | लक्ष्मीमाया विश्वकर्मा | २६ | महिला | आदिवासी जनजाति |
| | २७ | देवका भट्टराई | २७ | महिला | खस आर्य |
| | २८ | गंगाकुमारी राई | २८ | महिला | आदिवासी जनजाति |
| | २९ | रिता पराजुली | २९ | महिला | खस आर्य |
| प्रदेश नं. २ | ३० | रामसेवक चमार | ३० | पुरुष | दलित |
| | ३१ | पानामति देवी राम | ३१ | महिला | दलित |
| | ३२ | राघबेन्द्र कुमार कर्ण | ३२ | पुरुष | मधेसी |
| | ३३ | विन्दादेवी महतो | ३३ | महिला | मधेसी |
| | ३४ | रेणु विश्वकर्मा | ३४ | महिला | दलित |
| | ३५ | त्रिपित महरा | ३५ | पुरुष | दलित |
| | ३६ | विष्णुलाल सिंह | ३६ | पुरुष | मधेसी |
| | ३७ | छोटे लाल प्रसाद कुर्मी | ३७ | पुरुष | मधेसी |
| | ३८ | नन्द किशोर चमार | ३८ | पुरुष | दलित |
| | ३९ | नागेश्वर यादव | ३९ | पुरुष | मधेसी |
| | ४० | अमरेन्द्र द्विवेदी | ४० | पुरुष | मधेसी |
| | ४१ | रिखी कुमारी चौधरी | ४१ | महिला | थारु |
| | ४२ | सबिता विश्वकर्मा कामी | ४२ | महिला | दलित |
| | ४३ | प्रेमबहादुर भुजेल | ४३ | पुरुष | आदिवासी जनजाति |
| | ४४ | राधिकादेवी भुजेल | ४४ | महिला | आदिवासी जनजाति |
| | ४५ | ललिता कुमारी चौधरी | ४५ | महिला | मधेसी |
| | ४६ | मायावती देवी | ४६ | महिला | मधेसी |
| | ४७ | विष्णुमाया बराल | ४७ | महिला | खस आर्य |
| | ४८ | मुकुन्दप्रसाद उप्रेती | ४८ | पुरुष | खस आर्य |
| | ४९ | बुधिया देवी | ४९ | महिला | मधेसी |
| | ५० | राम वरण ठाकुर | ५० | पुरुष | मधेसी |
| | ५१ | किस्मतिया देवी | ५१ | महिला | मधेसी |
| | ५२ | प्रेमशिला देवी साह | ५२ | महिला | मधेसी |
| | ५३ | चन्द्रकला पण्डित | ५३ | महिला | मधेसी |
| | ५४ | सुगन्धा कुमारी चौधरी | ५४ | महिला | मधेसी |
| | ५५ | सुशीला देवी चौधरी | ५५ | महिला | थारु |
| | ५६ | जगत सुन्दर विश्वकर्मा | ५६ | पुरुष | दलित |
| | ५७ | सुकदेव साह | ५७ | पुरुष | मधेसी |
| | ५८ | परमानन्द साह | ५८ | पुरुष | मधेसी |
| | ५९ | इस्मत जहान | ५९ | महिला | मुस्लिम |
| | ६० | दिनेश कुमार चौधरी | ६० | पुरुष | थारु |
| | ६१ | दिप नारायण चौधरी | ६१ | पुरुष | थारु |
| | ६२ | रम्बानी बेगम | ६२ | महिला | मुस्लिम |
| | ६३ | मन्तुनिया देवी | ६३ | महिला | दलित |
| प्रदेश नं. ३ | ६४ | शारदा महत | ६४ | महिला | खस आर्य |
| | ६५ | शुभलक्ष्मी खनाल | ६५ | महिला | खस आर्य |
| | ६६ | सावित्री खरेल | ६६ | महिला | खस आर्य |
| | ६७ | सावित्री खड्का | ६७ | महिला | खस आर्य |
| | ६८ | शान्ति काफ्ले | ६८ | महिला | खस आर्य |
| | ६९ | मिनकुमारी पाण्डे | ६९ | महिला | खस आर्य |
| | ७० | सुमित्रा न्यौपाने | ७० | महिला | खस आर्य |
| | ७१ | लक्ष्मी साह | ७१ | महिला | खस आर्य |
| | ७२ | रूपा कुमारी अधिकारी | ७२ | महिला | खस आर्य |
| | ७३ | गौरी देवकोटा | ७३ | महिला | खस आर्य |
| | ७४ | नरबहादुर गौतम | ७४ | पुरुष | खस आर्य |
| | ७५ | गोपाल प्रसाद घिमिरे | ७५ | पुरुष | खस आर्य |
| | ७६ | गणेश पौडेल | ७६ | पुरुष | खस आर्य |
| | ७७ | हस्तलाल तिमलसिना | ७७ | पुरुष | खस आर्य |
| | ७८ | बद्रीहरि नेपाल | ७८ | पुरुष | खस आर्य |
| | ७९ | अरुण केसी | ७९ | पुरुष | खस आर्य |
| | ८० | भेषबहादुर कार्की | ८० | पुरुष | खस आर्य |
| | ८१ | राजन कार्की | ८१ | पुरुष | खस आर्य |
| | ८२ | जयन्ती लुईटेल श्रेष्ठ | ८२ | महिला | आदिवासी जनजाति |
| | ८३ | सुशीला महर्जन श्रेष्ठ | ८३ | महिला | आदिवासी जनजाति |
| | ८४ | कविता तामाङ | ८४ | महिला | आदिवासी जनजाति |
| | ८५ | माया तामाङ | ८५ | महिला | आदिवासी जनजाति |
| | ८६ | सुकुमाया शेर्पा | ८६ | महिला | आदिवासी जनजाति |
| | ८७ | पञ्चमाया लामा | ८७ | महिला | आदिवासी जनजाति |
| | ८८ | शर्मिला वाडे कायस्थ | ८८ | महिला | आदिवासी जनजाति |
| | ८९ | सरिता महर्जन | ८९ | महिला | आदिवासी जनजाति |
| | ९० | राधिका रानामगर | ९० | महिला | आदिवासी जनजाति |
| | ९१ | तारा तामाङ | ९१ | महिला | आदिवासी जनजाति |
| | ९२ | विफुल कुमारी श्रेष्ठ | ९२ | महिला | आदिवासी जनजाति |
| | ९३ | नरमाया हायु | ९३ | महिला | आदिवासी जनजाति |
| | ९४ | नागेन्द्र महर्जन | ९४ | पुरुष | आदिवासी जनजाति |
| | ९५ | निमा दोर्जे लामा | ९५ | पुरुष | आदिवासी जनजाति |
| | ९६ | श्याम कुमार पोडे | ९६ | पुरुष | आदिवासी जनजाति |
| | ९७ | गंगबहादुर महर्जन | ९७ | पुरुष | आदिवासी जनजाति |
| | ९८ | सूर्यबहादुर गुरुङ | ९८ | पुरुष | आदिवासी जनजाति |
| | ९९ | मोहन कुमार ह्यौङगोजु | ९९ | पुरुष | आदिवासी जनजाति |
| | १०० | सूर्यबहादुर थामी | १०० | पुरुष | आदिवासी जनजाति |
| | १०१ | विकास राज तामाङ | १०१ | पुरुष | आदिवासी जनजाति |
| | १०२ | टमेश कुमार तामाङ | १०२ | पुरुष | आदिवासी जनजाति |
| | १०३ | गोपाल दास श्रेष्ठ | १०३ | पुरुष | आदिवासी जनजाति |
| | १०४ | रामलाल श्रेष्ठ | १०४ | पुरुष | आदिवासी जनजाति |
| | १०५ | ललिता दानकोटी | १०५ | महिला | दलित |
| | १०६ | रामचन्द्र नेपाली | १०६ | पुरुष | दलित |
| | १०७ | परमेश्वरी चौधरी | १०७ | महिला | थारु |
| प्रदेश नं. ४ | १०८ | भीमबहादुर श्रीस | १०८ | पुरुष | आदिवासी जनजाति |
| | १०९ | गीतामाया पाण्डे | १०९ | महिला | खस आर्य |
| | ११० | ऋषिराम कामी | ११० | पुरुष | दलित |
| | १११ | सुसिल रानाभाट | १११ | पुरुष | खस आर्य |
| | ११२ | माया सापकोटा | ११२ | महिला | खस आर्य |
| | ११३ | शिवकुमार दराई | ११३ | पुरुष | आदिवासी जनजाति |
| | ११४ | दिलकुमारी पुन | ११४ | महिला | आदिवासी जनजाति |
| | ११५ | सन्तबहादुर परियार | ११५ | पुरुष | दलित |
| | ११६ | राधिका देवी अधिकारी | ११६ | महिला | खस आर्य |
| | ११७ | तिलकप्रसाद अधिकारी | ११७ | पुरुष | खस आर्य |
| | ११८ | सन्तबहादुर भुजेल | ११८ | पुरुष | आदिवासी जनजाति |
| | ११९ | उर्मिला श्रीसमगर | ११९ | महिला | आदिवासी जनजाति |
| | १२० | केशव राज भट्टराई | १२० | पुरुष | खस आर्य |
| | १२१ | कुमारी लो तामाङ | १२१ | महिला | आदिवासी जनजाति |
| | १२२ | दिव्यकुमारी थापा | १२२ | महिला | खस आर्य |
| | १२३ | कृष्णकान्त श्रेष्ठ | १२३ | पुरुष | आदिवासी जनजाति |
| | १२४ | भीमकुमारी शर्मा | १२४ | महिला | खस आर्य |
| | १२५ | कुमारी पुन | १२५ | महिला | आदिवासी जनजाति |
| | १२६ | एलिना परियार | १२६ | महिला | दलित |
| | १२७ | विष्णु राना | १२७ | महिला | आदिवासी जनजाति |
| | १२७ | धनमाया थापा | १२८ | महिला | आदिवासी जनजाति |
| | १२९ | गुञ्जबहादुर भण्डारी | १२९ | पुरुष | खस आर्य |
| | १३० | इन्द्रबहादुर गुरुङ | १३० | पुरुष | आदिवासी जनजाति |
| | १३१ | सविना परियार | १३१ | महिला | दलित |
| प्रदेश नं. ५ | १३२ | निमकला सिंजाली | १३२ | महिला | आदिवासी जनजाति |
| | १३३ | गोपाल नेपाली | १३३ | पुरुष | दलित |
| | १३४ | मकवुल अलि | १३४ | पुरुष | मुस्लिम |
| | १३५ | लक्ष्मीकान्त पौडेल | १३५ | पुरुष | खस आर्य |
| | १३६ | देवकी पौडेल | १३६ | महिला | खस आर्य |
| | १३७ | लिलबहादुर गुरुङ | १३७ | पुरुष | आदिवासी जनजाति |
| | १३८ | विना पन्थ | १३८ | महिला | खस आर्य |
| | १३९ | दुर्गा नारायण थारु | १३९ | पुरुष | थारु |
| | १४० | हिमबहादुर केसी | १४० | पुरुष | खस आर्य |
| | १४१ | प्रेमकुमारी चौधरी | १४१ | महिला | थारु |
| | १४२ | हिमन्ता घिमिरे | १४२ | महिला | खस आर्य |
| | १४३ | कनिजमिया | १४३ | महिला | मुस्लिम |
| | १४४ | गुरूप्रसाद आचार्य | १४४ | पुरुष | खस आर्य |
| | १४५ | फुलमती कुमारी सुनार | १४५ | महिला | दलित |
| | १४६ | चुनीकला कामी | १४६ | महिला | दलित |
| | १४७ | पवित्रा घर्तीमगर | १४७ | महिला | आदिवासी जनजाति |
| | १४८ | पिंगल प्रसाद गडरिया पाल | १४८ | पुरुष | मधेसी |
| | १४९ | बृजदेव पाण्डे | १४९ | पुरुष | मधेसी |
| | १५० | मुक्तमाया महतो | १५० | महिला | मधेसी |
| | १५१ | अशोक थापा | १५१ | पुरुष | खस आर्य |
| | १५२ | छविप्रवाह अर्याल (मुस्लिम) | १५२ | महिला | मुस्लिम |
| | १५३ | धनवीर थारु | १५३ | पुरुष | थारु |
| | १५४ | भीमबहादुर भुजेल | १५४ | पुरुष | आदिवासी जनजाति |
| | १५५ | प्यारी चौधरी | १५५ | महिला | थारु |
| | १५६ | सुष्मा कुमारी लामिछाने | १५६ | महिला | खस आर्य |
| | १५७ | शान्त खनाल | १५७ | महिला | खस आर्य |
| | १५८ | देवी राम आचार्य | १५८ | पुरुष | खस आर्य |
| | १५९ | डम्बर बहादुर परियार | १५९ | पुरुष | दलित |
| | १६० | शोभा अहिर | १६० | महिला | मधेसी |
| | १६१ | चिजा कुमारी श्रीस थापा | १६१ | महिला | आदिवासी जनजाति |
| | १६२ | साधना केवट | १६२ | महिला | मधेसी |
| | १६३ | कुमाली थरुनी | १६३ | महिला | थारु |
| | १६४ | मुक्त बहादुर थापा | १६४ | पुरुष | आदिवासी जनजाति |
| प्रदेश नं. ६ | १६५ | भक्त बहादुर सुनार | १६५ | पुरुष | दलित |
| | १६६ | लक्ष्मी शाही | १६६ | महिला | खस आर्य |
| | १६७ | कमला चन्द शाही | १६७ | महिला | खस आर्य |
| | १६८ | बालकुमार खड्का | १६८ | पुरुष | खस आर्य |
| | १६९ | सुरत बहादुर शाही | १६९ | पुरुष | खस आर्य |
| | १७० | सुनिता कुमारी बुढाखत्री | १७० | महिला | खस आर्य |
| | १७१ | सिर्जना कुमारी शाही | १७१ | महिला | खस आर्य |
| | १७२ | अने कठायत | १७२ | पुरुष | खस आर्य |
| | १७३ | सुनिता कामी | १७३ | महिला | दलित |
| | १७४ | मनिषा विक | १७४ | महिला | दलित |
| | १७५ | छत्रबहादुर तारमी मगर | १७५ | पुरुष | आदिवासी जनजाति |
| | १७६ | भ्रमबहादुर विक | १७६ | पुरुष | दलित |
| | १७७ | अप्सरा चौलागाई | १७७ | महिला | खस आर्य |
| | १७८ | दीपबहादुर शाही | १७८ | पुरुष | खस आर्य |
| | १७९ | खगीसरा तारामी मगर | १७९ | महिला | आदिवासी जनजाति |
| | १८० | चेतनकुमार माझी | १८० | पुरुष | खस आर्य |
| प्रदेश नं. ७ | १८१ | फुलकुमारी कठरीया | १८१ | महिला | थारु |
| | १८२ | झनकबहादुर विश्वकर्मा | १८२ | पुरुष | दलित |
| | १८३ | रुद्रलाल कँडेल | १८३ | पुरुष | खस आर्य |
| | १८४ | कुलराज ज्ञवाली | १८४ | पुरुष | खस आर्य |
| | १८५ | बसन्ती पुनमगर | १८५ | महिला | आदिवासी जनजाति |
| | १८६ | काशीराम जैसी | १८६ | पुरुष | खस आर्य |
| | १८७ | निरुता कुमारी चौधरी | १८७ | महिला | थारु |
| | १८८ | भारती उपाध्याय | १८८ | महिला | खस आर्य |
| | १८९ | सुष्मादेवी गौतम गहतराज | १८९ | महिला | खस आर्य |
| | १९० | मिनादेवी कडाल | १९० | महिला | खस आर्य |
| | १९१ | नन्दादेवी कामी | १९१ | महिला | दलित |
| | १९२ | निलमकुमारी चौधरी | १९२ | महिला | थारु |
| | १९३ | टेकराज ज्ञवाली | १९३ | पुरुष | खस आर्य |
| | १९४ | सुन्तलीदेवी चौधरी | १९४ | महिला | थारु |
| | १९५ | गंगादेवी कोइराला | १९५ | महिला | खस आर्य |
| | १९६ | दिनेशराम वड | १९६ | पुरुष | दलित |
| | १९७ | डबल बहादुर साँउद | १९७ | पुरुष | खस आर्य |
| | १९८ | सुशीला देवी नेपाली | १९८ | महिला | दलित |
| | १९९ | पदम बहादुर भण्डारी | १९९ | पुरुष | खस आर्य |
| | २०० | सावित्री केसी | २०० | महिला | खस आर्य |
| | २०१ | नविना थापा (केसी) | २०१ | महिला | खस आर्य |

# बत्तिमुनि टिपेका केही विचारहरू

गणतन्त्रको दोस्रो वा तेस्रो वर्षतिर बेजिङका केही राष्ट्रिय बैंकहरूले निकालेका नोटहरूको विश्वसनीयता दिनदिनै बढ्दै गइरहेको भनुँ झन्–झन् दरिलो हुँदै गइरहेको बेला मैले के कुरा सुनें भने सधैभरि चाँदीको मोहमा परेका गाउँलेहरूले समेत ती नोटहरू कति सजिला र पत्यारिला थिए भन्ने कुरो बुझे र ती नोटहरू लिन र तिनको प्रयोग गर्न खुशी भए । 'विशेष बुद्धिजीवीहरू'को विषयमा कुरा नगरौं, बढी विवेकी मानिसहरूको हकमा, उनीहरूले उहिले नै नचाहिँदो दुःख दिने, बोझिला, चाँदीका सिक्काहरू आफ्ना खल्तीभित्र बोक्ने कामलाई छाडिसकेका थिए । वास्तवमा चाँदीका लागि विशेष मोह वा भावना भएकाहरूलाई छाडेर, हरेकले बैंकका नोटकै, त्यसमा पनि बढ्ता मात्रामा चिनियाँ नोटहरूकै प्रयोग गरिरहेका थिए । तर अपशोच, एक्कासी एउटा गम्भीर अधोगति देखा पऱ्यो ।

युवान सिकाई बादशाह हुन खोजेको वर्षमा युनानमा विद्रोह सुरू गर्न साइङगो बेइजिङबाट भाग्यो । त्यसका परिणामहरूमध्ये एउटा के कुरा भयो भने चीनका बैंक र घुम्ती बैंकहरूले नोटहरूको नगद भुक्तानी दिने कुरा रोके । बैंकहरूले ती नोटहरूलाई कुनै सम्मान नराखे तापनि सरकारले महाजनहरूलाई ती नोटहरूको चलनचल्तीका लागि अझै बलजफ्ती गऱ्यो र महाजनहरूसित पनि त्यस स्थितिअनुसार चल्ने आफ्नै तरिका थियो- ती नोटहरू लिन्नँ भनी भन्नुको साटो आफूसित साट्ने कुनै बस्तु नै छैन भनी उनीहरूले भने । पचास या सय डलरका नोटहरू लिएर तपाई बजारमा जानुभयो भने के हुन्थ्यो होला मलाई थाहा छैन, तर तपाईलाई एउटा कलम वा एक बट्टा चुरोट मात्रै ढ्चाहिन्छ भने तपाई त्यतिका लागि सिंगै डलर त खर्च गर्न सक्नुहुन्न, सक्नुहुन्छ त? यो त एकजनाको विचार वा झुकावको विपरीत जाने मात्र कुरा भएन । वास्तवमा कसैसँग पनि त्यतिका नोटहरू हुँदैनन् । त्यसपछि तपाईले घटाइएको दरमा समेत, तामाका पैसामा नै साट्न खोज्नुहुन्छ भने पनि सबै पसलेहरूले के भन्छन् भने तिनीहरूसित तामाका पैसा पनि छैन। तपाई आफ्ना साथीहरू र नातेदारहरूसित पैंचो लिन जानुभयो भने उनीहरूसँग पनि नोटहरूबाहेक अरू हुँदैनन् । यसरी जनताले आफ्नोस्तरलाई ओराले, देशभक्तिका विषयमा कुरा गर्न छाडे र विदेशी बैंकहरूले निकालेका नोटहरू पाउन खोजे । अहिले ती नोटहरू (विदेशी बैंकले निकालेका) नगदसरह हुन्छन् र कसैलाई पनि तपाई ती नोटहरू दिनुभयो भने उनीहरूले तपाईलाई साँच्चैका चाँदीका डलरहरू दिनेछन् ।

त्यसबेला मेरो खल्तीमा चीनको बैंक र घुम्ती बैंकका त्यस्तै ३०/४० डलर (नोटहरू) भएको कुरा म सम्झन्छु तर म एक्कासी भोकले टोलाएका आँखा भएको मगन्ते भएँ र त्रासमा परें । मलाई के लाग्छ भने त्यस बेला मेरो मनमा उब्जेका भावनाहरू रूसी क्रान्तिपछि आफ्नो सबै सम्पत्ति रूसी नोटका रूपमा भएका धनी मानिसहरूका मनमा उब्जेका भावनाहरू जस्तै थिए होलान् वा अझ भनुँ ठयाम्मै उस्तै थिए होलान् । ती नोटहरू कम दरमा नै चाँदीका पैसाहरूमा साट्न सकिन्छ कि भनी सोध्दा त्यसको कुनै भाउ नै छैन भन्ने मैले सुनें । तर खुशीको कुरा के भने नोटमा छापिएको मूल्यको साठी प्रतिशतभन्दा अलि बर्ता दरमा तपाईले आखिरमा त्यो खुशीसाथ साट्न सक्नुहुन्थ्यो । म ज्यादै खुशी भएँ र झन्डै मेरो जीउ जतिकै भारी भइरहेको मेरो खल्तीका मेरा सबै नोटहरू चाँदीका पैसाहरूमा मैले साटें । हुन त स्थिति सामान्य भएको भए म सराफीहरूबाट एउटा तामाको पैसो पनि काम लिन्नथें । तर ढुक्क भएर जसै मैले चाँदीको थैलो खल्तीमा राखे. र म खुब खुशी भएको थिएँ, त्यसैबेला मेरो मनमा एक्कासी एउटा विचार चढ्यो -हामीहरूलाई कमारो हुनु र कमारोपनामा खुशी मनाउनु कस्तो सजिलो रहेछ त !

'मानिसहरूलाई मानिसजस्तो सम्झेर व्यवहार नगर्ने' र मानिसलाई भन्दा कम मात्र होइन अझ गाईगोरूलाई भन्दा पनि तल राखेर धूलोसरी सम्झने यस्ता निरंकुश शासकहरू छन् जसले गर्दा मानिसहरू गाईगोरूसित पनि डाह गर्छन् र 'दुःखको बेलाका मानिसहरूको मोल शान्तिको बेलाको कुकुरको जतिको पनि हुँदैन' भनी रून्छन् । यही आधारमा शासकहरूले जनतालाई गोरू वा घोडासरह अझ तल्लो कोटिमा राखेर व्यवहार गर्छन्, दृष्टान्तका लागि, युवान राजवंशमा (१२७११-१३६८) एउटा कानुन निस्क्यो र त्यस मुताविक एकजना कमारो मारियो भने उसको मालिकले मुआब्जाका रूपमा एउटा गोरू दिनुपर्थ्यो । यसले गर्दा सबै नागरिकहरू सुखी र सन्तुष्ट हुनेछन् र तिनीहरूले त्यस्तो जाति र शान्तिपूर्ण शासनको बखान गर्नेछन् । किन? किनभने मानिसलाई मानिससरह नमानिए तापनि उनीहरू कमसेकम गोरूसरह त मानिए ।

हामीहरूलाई चौबीस इतिहासहरूको शाही संस्करणहरूको अध्ययन गर्नुपर्ने खाँचो छैन । न हाम्रो आध्यात्मिक सांस्कृतिक प्रतिष्ठाका लागि अनुसन्धानका संस्थाहरूमा जानु नै खाँचोपर्दो छ । हामीले राख्नुपर्ने त खाली केटाकेटीहरूको संक्षिप्त इतिहास हो, वा यो पनि अति हुन्छ भने समय क्रमानुसारका सूचीहरू उल्लेख गर्नु हो र यो 'तीन हजारभन्दा बर्ता पुरानो संस्कृति भएको प्राचीन भूमि' जसबारे इतिहासहरूमा त्यत्रो गन्थन गरिएको थियो, यसभन्दा बर्ता केही होइन भन्ने कुरा हामीले देख्नेछौं र अझै स्कूलका लागि भर्खरै सँगालिएका इतिहास भनाउँदा किताबहरूमा यो कुरा त्यति प्रष्ट गरी राखिएको छैन । तिनमा खाली के कुरा भनिएको जस्तो छ भने हामीहरूलाई जहिले पनि राम्ररी व्यवहार गरिएको छ ।

जेहोस्, तथ्य कुरो के भने चिनियाँ जनता कहिल्यै आफूलाई मानिससरह गनिन लगाउनुमा सफल भएका छैनन् । खाली कमारासरह गनिनुमा मात्र ती सफल भएका छन् र यो कुरा आज पनि साँचो छ । साँच्चै भन्ने हो भने धेरै अवस्थाहरूमा हामीहरू कमाराहरूभन्दा पनि नजाति छौं। चिनियाँ जनता तटस्थ छन्। लडाइँमा उनीहरू कसको पक्षमा छन् उनीहरूलाई थाहा हुँदैन । जे भए पनि यसबारे थाहा हुनु र थाहा नहुनुमा कुनै भिन्नता रहँदैन । विद्रोहीहरू आउँदा जनतालाई सरकारका मातहतका भनी ठानिन्छन्, त्यसले तिनीहरू जनतालाई मार्छन् र उनीहरूको सम्पत्ति लुट्छन् । सरकारी फौज आएपछि तिनीहरूले त जनतालाई आफ्नै ठान्नुपर्थ्यो तर त्यसबेला पनि उनीहरूलाई विद्रोहीका पक्षमा लागेका भन्ठानेर मार्छन् र उनीहरूका चीजबीज लुट्छन् । यस्तो बेलामा जनता आफूलाई आफ्नो प्रजा भैं, यो त अति हुन सक्छ, भनुँ कमसेकम आफ्ना गाईगोरू जति ठानेर व्यवहार गर्ने कुनै मालिक पाउनाका लागि चाहना गर्न थाल्छन् । कसैले उनीहरूसँग कुनै मालिक पाउनाका लागि चाहना गर्न थाल्छन् । कसैले उनीहरूसँग कुनै बाटो लाग्ने भन्ने कुरो सोधे भने उनीहरूले खुशी भएर गाईगोरू जस्तै भएर चल्न खोज्छन् ।

उनीहरूका लागि निर्णयहरू गरिदिने अर्थात् कमाराहरूका लागि कानुनहरू बनाइदिने कोही भइदियो भने त्यो त असीम शाही निगाह नै हुनेछ । दुःखको कुरो के भने प्रायः यसो गर्नेहरू हुँदैनन् । जस्तैः पाँच जाति र स्रोह राज्य, हाङचावको विद्रोह, पाँच वंशहरू, सुङको अन्त र रूवान राजवंशहरूको अन्ततका प्रचलित बेगारी र अन्न करका साथसाथै अरू पनि नचिताइएका दुःखहरू थिए । चाङ चिन चुङ अझ बर्ता लहडी थियो । उसले बेगारी काम नगर्ने र कर तिर्न नमान्ने जातिलाई र अझ बेगारी काम गर्ने र कर तिर्नेहरूलाई समेत माऱ्यो । उसले आफ्नो विरोध गर्ने र उसका अगाडि घुँडा टेक्ने सबैलाई माऱ्यो । त्यसैले उसले कमाराका लागि बनेका सबै नियमहरूलाई समेत च्यातचुत पारेर मिल्काइदियो । त्यसपछि जनताले पुराना होस् वा नयाँ उनीहरूका नियमहरूमा बर्ता ध्यान दिने खालका मालिकहरू पाउनाका लागि चिताउन थाले किनभने नियमहरू रहुन्जेल तिनले फेरि कमारासरह आफ्ना सुरूङभित्र घुम्न समर्थ तुल्याइदिन्छन् ।

'एक सूर्य, तँसितै मैले मासिनु परे पनि तेरो चाँडै नाश होस्' यो त रिसले भरिएको कुरो मात्र हो । धेरैजसो मानिसहरू साँच्चै नै त्यति साह्रो भन्दैनन् । तथ्य कुरो के भने सधैभैं एउटा निकै भ्रमको अवधिपछि, लुटमार व्यापक हुँदा, कुनै त्यो भन्दा बलियो, चलाख र धूर्त नेता वा विदेशी त्यस भूमिलाई आफ्नो हातमा लिन र राम्ररी शान्ति व्यवस्था स्थापित गर्न देखा पर्छ। उसले बेगारी, अन्न करको तिरो, लम्पसार परेर ढोग्ने वा सरकारको बखान गर्ने नियमहरू बनाउँछ र ती नियमहरू आज हाम्रो जस्तो फेरिँदै जाने नभई सधैभरि उहीका उही रहिरहन्छन् । अनि त्यहाँ 'व्यापक खुशीयाली हुन्छ' र चलेको भनाइ प्रयोग गर्ने हो भने 'सारा सञ्चार शान्तिमय' हुन्छ ।

तर ती महानताप्रेमी विद्वानहरूका बाक्यांशहरू जतिसुकै राम्रा भए तापनि र तिनीहरूले आफ्ना इतिहासहरूमा 'हानहरूको उत्थान', 'हान विस्तारको युग' वा 'हान पुनरूत्थानको युग' जस्ता ठूलठूला भावनाहरू जतिसुकै व्यक्त गरे तापनि हामीहरूले उनीहरूका प्रवृत्तिहरूलाई निक्कै राम्रा भनी बखान गर्दा उनीहरूको शब्द अलंकार पनि निक्कै अस्पष्ट छन् भन्ने कुरा हामीहरूलाई लागि हाल्छ । अझ बर्ता सोझो किसिमले भन्ने बाटो यही होला-

१) कमारा हुन बिनसित्ति खोजको



● लु सुन ●

अवधिहरू

२) केही समयका लागि कमारा हुन सकेका अवधिहरू

उहिलेका विद्वानहरूले 'असल शासनको बेला' र 'भ्रमैभ्रमको बेला' भनी भनेका अवधिहरू एकपछि अर्को गर्दै फन्फन्ती दोहोरिरहन्छन् । पछिल्ला प्रजाहरूको दृष्टिकोणअनुसार, विद्रोहीहरूले खाली आफ्ना 'मालिकहरू'का लागि बाटो बनाइरहेका मात्र थिए। त्यसैले त 'तिनीहरूले बुद्धिमान शासकका लागि बाटो खोलिदिए' भनी भनेको ।

हाल हामीहरू कुनचाहिं युगमा छौं मलाई पक्का गरी थाहा छैन । तर हामीहरूले शास्त्रपन्थीहरूका राष्ट्रिय विशेषताहरूको पूजा, हाम्रा लेखकहरूको चिनियाँ सभ्यताको बखान र हाम्रा दार्शनिकहरूको उहिलेका रीतिथितिमा फर्कने उत्सुकतालाई हेंर्यौं भने हामीहरू के देख्न सक्छौं भने तिनीहरू सबै हालका कुरासित असन्तुष्ट छन् । तर हामीहरू कुन बाटो लाग्दैछौं नि ? जनताका अघिल्तिर युद्ध आइपर्दा उनीहरू के कुरा बुझ्दैनन् भने उनीहरूमध्ये धनीहरू विदेशी रियायतभित्र घुस्छन् र यता स्वास्नीमान्छेहरू र केटाकेटीहरू गिर्जाघरहरूमा शरण लिन्छन् किनभने यस्ता ठाउँहरू अरूको दाँजोमा सुरक्षित हुन्छन्। केही समयका लागि तिनीहरू बिनसिति कमारा हुन चाहनेहरूको स्थितिमा ओल्हँदैनन्। छोटकरीमा भन्ने होभने शास्त्रपन्थीहरू हुन् वा शरणार्थीहरू, बुद्धिमानहरू हुन वा मुर्खहरू, लायक मानिसहरू वा बदमासहरू, सबैले तीन शताब्दी अघिका ती शान्तिपूर्ण दिनहरूमा फर्कनका लागि इच्छा गरिरहेका देखिन्छन् जुन बखत चिनियाँहरू केही समयका लागि कमारा हुन सफल भइसकेका थिए।

तर हामीहरू सबै उहिलेका मानिसहरूसरह नै 'प्राचीन कालका असल रीतिथितिहरू'देखि जलिहे पनि सन्तुष्ट छौं त ? हामीहरू हालको अवस्थासित असन्तुष्ट भएका र तीन शताब्दी अघिका शान्तिपूर्ण दिनहरूमा फर्कने इच्छा गर्ने ती शास्त्रपन्थीहरू सरह नै छौं त ? वास्तवमा हामीहरू हालको अवस्थासित पनि सन्तुष्ट छैनौं तर यसको अर्थ हामीहरूले पछिल्तिर नै फर्कनुपर्छ भन्ने होइन किनभने अघिल्तिर पनि लम्कने बाटो छँदैछ। चीनको इतिहासमा थाहा नभएको र तेस्रो खालको अवधिको सिर्जना गर्नु आजका हाम्रा तन्नेरी जनताको कर्तव्य हो ।

तर बढीभन्दा बढी मानिसहरूले अझ विदेशीहरूले समेत चीनको पुरानो सभ्यताको बखान गरिरहेछन् । म धेरैजसो बोल के विचार गर्छु भने यता आउने कुनै विदेशीले घृणा गरेर आँखीभौं खुम्च्याउँछन् भनेर चीनप्रति घृणा व्यक्तत्याउँछन् भने मैले उसलाई मेरो भित्री मुटुदेखि धन्यवाद दिनुपर्छ ।

यसुके त्यसुरूमीले आफ्नो निबन्ध 'बेजिङको आकर्षण'मा एक वर्ष बस्ने गरेर बेजिङमा आएको तर पाँच वर्षसम्म बसिसकेको र बेजिङ छोड्न नचाहने एक जना पश्चिमेतर्फ औल्याएको छ । एक दिन उनीहरूले सँगै भोज खाए । 'हामीहरू महोगनी काठको बाटुलो टेबुल वरिपरि बस्यौं । हामीहरूका लागि एकपछि अर्को गर्दै समुद्र र जमिनमा पाइने मीठामीठा खानेकुराहरू कहिल्यै नटुंगिने गरी थपिंदै थिए र हामीहरूले क्यूरियो, चित्रकला र राजनीतिबारे छलफल गर्न थाल्यौं। बिजुली बत्तीको मास्तिर चिनियाँ ढाँचाको बत्ति ढकनीले राम्ररी मिलाएर राखिएका पुराना चीजबीजहरूले सजाइएको कोठाभरी मधुरो प्रकाश फैलिएको थियो। सर्वहारासम्बन्धी विषयहरू त हावा जस्तै बहेर जाने जाबो कुरा लाग्यो ।

विदेशीहरूलाई त्यतिबिध्न लठ्याउने चिनियाँ वातावरणको त्यस आकर्षणबारे मैले गमें। मंगोलहरूले चीनमाथि विजय त पाए तर उता चिनियाँ जीवन पद्धतिको सौन्दर्यबाट तिनीहरू पराजित पनि भए। मन्चुहरूले पनि चीनलाई जिते तर तिनीहरू पनि चिनियाँ जीवन पद्धतिबाट जितिए । अहिले पच्छिमेहरूको उही गति छ । तिनीहरूले 'प्रजातन्त्र' र यसबाहेक अरू सबै विषयबारे कुरा गरे तापनि तिनीहरू पनि ६ हजार वर्षदेखि बन्दै आएको जीवनप्रणालीद्वारा लट्ठिएका छन् । बेइजिङमा रहेको कसैले पनि यसको विशिष्ट आकर्षणलाई बिर्सन सक्दैन, न ठूलो आँधीले हजारौं फिटमाथि उडाइने धुलाले नै चिनियाँ जीवनप्रणालीको आकर्षणलाई नष्ट पार्न सक्छ, न हरेक तीन महिनामा युद्धसदरिहरूले लड्ने गरेका लडाइँले यसलाई ध्वस्त पार्न सक्छ ।'

तर अझै मसँग उसलाई खन्डन गर्ने उपायहरू छैनन् । हाम्रा उहिलेका ऋषिमुनिहरूले पुराना कुराहरू जोगाउनका लागि हामीहरूलाई सिद्धान्तहरू दिएका थिए तर तिनीहरूले हामीलाई जित्नेहरूका लागि ठूलठूला भोजभतेर पनि तयार पारिदिएका थिए । जुन भतेरमा हाम्रा केटाकेटीहरू मारिन्थे र हाम्रो ढुकुटी रित्याइन्थ्यो । हामी चिनियाँहरू खुबै जोतिनेहरू हौं र हाम्रा धेरै केटाकेटीहरू छन् । यसरी ती भतेरहरूका लागि यी कुराहरूले चाहिने सामल जुटाइदिन्थे ।

अहिलेसम्म पनि हाम्रा देशभक्तहरूद्वारा यी गुणहरूको बखान गरिएको छ। पश्चिमाहरू पहिलोपल्ट चीनमा पस्दा तिनीहरूलाई असभ्य भनिन्थ्यो र स्वभावतः त्यो देखेर तिनीहरूले आफ्नो अनुहार न्यास्रो पार्थे। तर अहिले तिनीहरूका लागि हामीले तोवाहरू, नुचेनहरू, मंगोलहरू र मन्चुहरूको अघिल्तिर अघिसारेको सबभन्दा ठूलो भतेरको जोरजाम गर्ने बेला पनि आएको छ । तिनीहरू मोटरकारमा बसेर रक्षकहरूलाई लिएर डुल्न जान्छन् । अधिकारीहरूका लागि बाटो खुला गरिंदा तिनीहरू स्वेच्छापूर्वक जान पाउँछन् । तिनीहरूमाथि डाँका डालियो भने तिनीहरूले मुआब्जा पाउँछन् र डाँकु सुन माई यावले तिनीहरूलाई हेरेर लग्यो र उसले तिनीहरूलाई आफ्नो दलका अघिल्तिर उभ्यायो भने पनि सरकारी फौजले गोली चलाउने आँट गर्दैन ।

त्यसकारण तिनीहरूले दरबारका विशाल भवनहरूमा मीठा भोजभतेर खान्छन् भने यो फेरि कस्तो होला त ? तिनीहरूले भोज खान पाएकाले नै चीनको प्राचिन सभ्यताको गुण गाउने भइहाले, तैपनि हाम्रा केही आशावादी देशभक्तहरू ती पश्चिमहरू हामीहरूद्वारा हाम्रो जीवनपद्धतिमा ढालिनेछन् भन्ने पत्यारमा दंग परेका देखिन्छन् । उहिलेकाहरूले लडाइँमा क्षणिक शान्ति पाउनका लागि आइमाईलाई प्रयोग गर्थे र उनीहरू आफैले यसलाई 'बिहेबाट हुने शान्ति'को सुन्दर नाउँ दिएर आफैलाई झुक्याउँथे। हामी आधुनिकहरू पनि अझै आफ्ना छोराछोरी र ढुकुटी चढाएर यसलाई ' चिनियाँकरण'को सुन्दर नाउँ दिन्छौं । त्यसकारण भोजभतेरमा जान पाएका तर अचेलको चीनलाई सराप्ने ती विदेशीहरू मात्र साँच्चै नै असल र लायक मानिसहरू हुन् ।

तर हामीहरू उहिले नै भलाद्मी र सर्वसाधारण, ठूला र साना, माथिका र तल्ला गरी सबै तम्तयार भइसकेका छौं । मानिसहरू अरूहरूबाट थिचिन र मिचिन सक्छन् तर तिनीहरूले पनि त अरूहरूलाई थिचोमिचो गर्न सक्छन् । तिनीहरू आफै खाइन सक्छन् तर तिनीहरूले पनि त अरूलाई खान सक्छन् । यस्तो खालको थिचोमिचोको व्यवस्थाले गर्दा, जनता हलचल गर्न सक्दैनन् । र वास्तवमा उनीहरू यसो गर्न पनि चाहँदैनन् । उनीहरूले हलचल गरेको खन्डमा त्यसबाट राम्रो कुरा निस्कन सक्छ तर दुःख पनि त आउन सक्छ। लौ, उहिलेकाहरूले प्रयोग गरेका बठ्याइँपूर्ण व्यवस्थालाई एक पल्ट हेरौं ।

'स्वर्गमा दश वटा सूर्य छन् र मानिसहरूमा दश वटा तहहरू छन्, यसले तल्लाकाहरूले माथिकाहरूको सेवा गर्छन् र शासकहरूले द्यौताहरूको सेवा गर्छन्। यसरी राजकुमारहरू राजाको मातहतमा हुन्छन्, भलाद्मीहरू भारदार हरूको मातहतमा' र यसरी सबभन्दा तल्ला कमाराहरूसम्म' (त्यसो च्वान चौतरियाचावको सातौं वर्षको रेकर्डबाट )।

सबभन्दा तला कमाराहरूका रैतीहरू हुँदैनन् र यो कुरा उनीहरूका लागि अप्ठेरोजस्तो देखिन्छ । तर यसका लागि हामीले चिन्ता लिनु पर्दैन किनभने उनीहरूभन्दा मुनि बस्ने गरेका उनका स्वास्नीहरू र केटाकेटीहरू छन् र केटाकेटीहरूका लागि पनि ठाउँ छँदैछ किनभने उनीहरू हुर्केर कमारा बन्दा उनीहरूको सुसार गर्नाका लागि उनीहरूका स्वास्नी र केटाकेटीहरू हुनेछन् । यसरी यो क्रमभित्र प्रत्येक मानिस प्रशन्न छ र कसैले यसको विरोध गर्ने आँट गर्छ भने आफ्नो तह भन्दामाथि उठ्न खोजेको भनी दोष लगाइन्छ । यो कुरा त्यतिका समय अघि,चौतरिया चावको सातौं वर्षको (ख्राइस्ट अघि ५३५ वर्ष) बेलामा भउको भए तापनि पुराना समयको गुणगान गर्नेहरूले निरास हुनुपर्ने खाँचो छैन। सबैको मुखमा अझै शान्ति छ किनभने बरोबर लडाई खडेरी र बाढी आए तापनि के कसैले त्यसको विरोधमा मुख खोलेको कसैले कहिल्यै सुनेको छ त? यता संघर्ष र विद्रोह भएका छन् तर तिनको विरोधमा कुनै भलाद्मीले चुक्कसम्म पनि गरेका छन् त? हाम्रा आफ्नै जनतामाथि भने यस्तो अत्याचार गर्नु तर विदेशीहरूको अगाडि भने घुंडा टेक्नु साँच्चै नै पुरानै व्यवस्था जस्तै हो। वास्तवमा चीन्को पुरानो आध्यात्मिक सभ्यता 'गणतन्त्र'ले ध्वस्त गरेको छैन । खाली मन्चुहरूले भतेर छाडेका मात्र हुन्, उहिलेभन्दा केही भिन्न भएको छ भने यति मात्र त हो ।

यसरी हामीहरू आज पनि सबै किसिमका भोजभतेरहरू देख्न सक्छौं- विभिन्न चीजबीज राखी पकाएको झोल र माछा, चिनियाँ खाना र पच्छिमे खाना। तर छाप्राहरूमा निस्तो भात मात्र खाइन्छन् र माग्नेहरू सडकमै किनारमा बसेर रोटीका टुक्राहरू टोक्छन् र मुलुकभरका मानिसहरू भोकभोकै मर्दैछन् । धनी र शक्तिशाली मानिसहरू बेपर्वाहसित खर्च गर्दै मिठोमिठो खाएर मज्जा गर्छन् र उता आधापेट भर्न नपाएका केटाकेटीहरू जाबो आठ वटा तामाका पैसामा बेचिन्छन् (नौलो सिंहावलोकनको २१ अंक हेर्नुस) । हाम्रो उच्च चिनियाँ सभ्यता धनी र शक्तिशालीहरूका लागि तयार पारिएको मान्छेको मासुको भोज मात्र हो र चीनचाहिं त्यो भोज जोरजाम गर्ने चुलो हो । यो कुरा नबुझेर चीनको बखान गर्नेहरू क्षम्य छन् तर अरूहरूचाहिं त सधैभरीका लागि निन्दा गरिनयोग्य छन् ।

यो कुरा नबुझेर हाम्रो बखान गर्ने विदेशीहरूलाई क्षमा गर्न सकिन्छ र यसरी नै माथिल्ला ओहदामा पुगेर भुंडी लाग्ने गरी खान पाएका हुनाले गोब्बरे गिदी भएका र अन्धो भएकाहरूलाई पनि क्षमा नै गर्न सकिन्छ। तर यस बाहेक अरू दुई किसिमका मानिसहरू पनि छन् । एक थरीले के कुवरा भन्छन् भने चिनियाँहरू निम्तस्तरका जाति हुन् जुन हालको स्थितिबाट बढी राम्रो स्थितिमा पुऱ्याउन लायकका छैनन्, त्यसकारण जानाजानी उनीहरू चीनका पुराना कुराहरू कायम राख्नाका लागि सिफारिस गर्छन् । अर्कोथरि चाहिं आफ्नो भ्रमणलाई बढ्ता चाखलाग्दो र रमाइलो पार्नका लागि संसारको प्रत्येक मुलुक एकअर्काबाट फरक देखियोस् भन्ने चाहन्छन्। तिनीहरू चीनमा टुपी भएका मानिसहरू देख्न चाहन्छन्, जापानमा काठे जुत्ताहरू र कोरियामा बाँसका टोपी लगाएका मानिसहरू हेर्न चाहन्छन् । हरेक कुरो उस्ताउस्तै देखियो भने तिनीहरूलाई वाक्कलाग्दो हुनेछ । त्यसकारण तिनीहरू एसियालाई पश्चिमा ढाँचा ढाल्ने कुराको विरोध गर्छन् । यी दुवैथरिका मानिसहरूको निन्दा गरिनुपर्छ । बर्टाड रसेलको हकमा पश्चिमा तालमा देबदारू काठको मेच ओसारिरहेकाहरूले उनलाई देखेर हाँस्दा उनले चिनियाँहरूको बखान गरेथे, उनी अर्कै कारणबाट प्रभावित भएको हुन सक्छ तर मेच ओसार्नेहरू आफूले पाएको ज्यालामा यसरी मुसुमुसु हाँस्ने काम रोक्न सकेका भए निक्कै अघि नै चीन हालको जस्तो नभई अर्कै चीन भइसक्थ्यो होला ।

यस्ता सभ्यताबाट लनिहरू खाली विदेशीहरू मात्र होइनन्, प्रत्येक चिनियाँ पनि लठिएर मुसुमुसु हाँसिरहेछ । किनभने प्राचीन कालदेखि एक पुस्ताले अर्को पुस्तालाई सुम्पेको यस व्यवस्थाले मानिसहरूलाइ एक अर्काबाट बेग्ल्याइदिएको र पराई बनाइदिएको छ । उनीहरू एक अर्काको दुःख बुझ्न सक्दैनन् र प्रत्येकले अरूलाई कमारो बनाउने र अर्कोलाई खाने कुरा चिताउन सक्ने भएकाले उसले के कुरा बिर्सिदिन्छ भने ऊ आफै पनि कमारो बनाइन सक्छ र खाइन सक्छ । यसरी सभ्यताको उदयदेखि मान्छेको मासुको भतेरहरूको साना ठूला अनेको जोरजाम गरिएको छ र मानिसहरू ती भतेरहरूमा अरूलाई खान्छन् र आफू पनि खाइन्छन् तर स्वास्नीमान्छेहरू र केटाकेटीहरूको कुरा नगरौं, निर्धाहरूको पीडित चिच्चाहटहरू त ज्यानमाराहरूको अचेतन हल्लीखल्लीमा त्यसै बिलाएर जान्छन् ।

आज पनि मानिसको मासुको भतेरको जोरजामा हुँदैन र निक्कै मानिसहरू भतेर लगाइरहन खोज्छन् । त्यस्ता मान्छे खानेहरूलाई बढार्ने, भतेरहरूलाई भताभुंग पार्ने र त्यो चुलोलाई भत्काउने काम आजका तन्नेरीहरूले सबभन्दा गर्नुपर्ने काम हो ।

## प्रतिक्रियावादी...

चरित्र जनविरोधी भएको ठहर गरेको छ । अहिले पनि राज्यसत्ता, दलाल, नोकरशाही, पुँजिपति र सामन्त वर्गको हातमा छ । देजमो, नेपालले त्यो शोशक वर्गको राज्यसत्तालाई ध्वस्त पारेर जनताको जनवादी राज्यसत्ता स्थापना गर्ने उद्देश्य राखेको छ । तर नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रले यो प्रतिक्रियावादी व्यवस्थालाई प्रजातान्त्रिक व्यवस्था मान्दछन् । यो प्रतिगामी संविधानलाई संसारकै उत्कृष्ट संविधान भन्दछन् । देजमो, नेपालले यो प्रतिक्रियावादी व्यवस्था र संविधानलाई खारेज गरेर जनताको जनवादी व्यवस्था ल्याउने र जनसंविधान बनाउने लक्ष राख्छ भने वामगठबन्धनमा रहेका शक्तिहरू मुख्यतः एमाले र माओवादी केन्द्र अनि कथित लोकतान्त्रिक गठबन्धनमा रहेका शक्तिहरूले यो संसदीय व्यवस्थालाई टीकाई राख्ने, प्रतिगामी संविधानलाई संशोधन गर्दै प्रतिक्रियावादी राज्य व्यवस्थालाई अझ वलियो बनाउने दिशामा अगाडी बढिरहेको छन् । अहिले उनीहरूले चुनावी मुख्य नारा नै यो प्रतिक्रियावादी संविधानलाई कार्यान्वयन गर्ने कुरा गराई राखेका छन । यस्तो अवस्थामा देजमो, नेपालले ती शक्तिहरू सँग चुनावी गठबन्धन गर्ने भनेको आफ्नो क्रान्तिकारी सिद्धान्त, नीति र कार्यक्रमलाई परित्याग गर्नु हुन्छ । आमूल परिवर्तनको कुरालाई तिलाञ्जली दिनु हुन्छ । त्यसकारण देजमो नेपालले ठूला भनिने र अन्य प्रतिगामी दलहरू प्रति चुनावी मोर्चा नबनाउने जुन नीति लिएको छ त्यो क्रान्तिकारी दृष्टिकोणबाट एकदम सही छ । जहाँ सम्म यो प्रतिक्रियावादी व्यवस्था र संविधानको विरुद्धमा र क्रान्तिको पक्षमा आउने शक्तिहरू छन् उनीहरू सँग चुनावी मोर्चा वा गठबन्धन गराउन सकिने नीति देजमो, नेपालले लिएको छ । यद्यपी व्यवहारमा विविध कारणहरूले मुख्यत अन्य पक्षको ढुलमूले प्रवृविको कारणले त्यस प्रकारको मोर्चा बनाउन सकिएन तर क्रान्तिकारीहरूको बिचमा कार्यगत एकता सहकार्य वा मोर्चा बनाएर जाने नीति कायम छ र त्यो सही नै छ ।

आज देजमो नेपालका उम्मेदवारहरूले आफ्नो साधन स्रोत र शक्तिले भ्याए सम्म यो प्रतिक्रियावादी व्यवस्था, संविधान र यो प्रतिक्रियावादी व्यवस्थालाई सुदृढ गर्न प्रतिस्पर्धा गरिरहेका राजनैतिक शक्तिहरूको विरुद्ध व्यापक रूपमा भण्डाफोर अभियान चलाइरहेका छन् । आम श्रमिक जनताहरूलाई क्रान्तिकारी दृष्टिकोणबाट शिक्षित पार्न प्रयत्न गरिरहेका छन् । क्रान्तिकारी उपभोगको सफलता कति सीट जित्यो वा जितेन भन्ने आधारमा होइन निर्वाचनको माध्यमबाट यो प्रतिक्रियावादी व्यवस्था र त्यसलाई बचाई राख्ने राजनैतिक शक्तिहरूको भण्डाफोर कति गर्न सक्यौं भन्ने कोणबाट हेरिनु पर्दछ । आम श्रमिक जनता सँग हामीले सम्बन्ध कति सुदृढ गर्न सक्यौ ? र संगठन निर्माणको लागि आधारहरू तयार पार्न सक्यौं वा सकेनौ त्यसको आधारमा निर्वाचनको क्रान्तिकारी उपयोगलाई मूल्यांकन गर्न पर्दछ । यो निर्वाचन बहिष्कार गरेको भएपनि त्यसको उद्देश्य यो प्रतिक्रियावादी व्यवस्था र यसलाई टिकाउने राजनैतिक शक्तिहरूको भण्डाफोर गर्नु नै हुन्थ्यो । बहिष्कारको माध्यमबाट भन्दा उपयोगको माध्यमबाट यो व्यवस्था संविधान र प्रतिगामी राजनीतिक शक्तिहरूको भण्डाफोरलाई व्यापक पार्न सकेका छौं । आज हजारौं कार्यकर्ता र सदस्यहरू यो अभियानमा सक्रिय रूपमा लागि रहनु भएको छ ।

आज हामीले भण्डाफोरको अभियान जति लगेका छौं त्यसको महत्व आज भन्दा पनि भोलिका दिनमा झन प्रभावकारी बन्दै जाने छ । आज कैयौं जनतालाई यो प्रतिक्रियावादी व्यवस्थालाई टिकाउने राजनैतिक शक्तिहरू मुख्यत नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रले व्यापक भ्रम दिन सफल पनि भएका छन् । किन भने उनीहरूले सत्ता, राज्यको श्रोत, साधन सवै यहि कामको लागि प्रयोग गरिरहेका छन् तर उनीहरूको प्रतिक्रियावादी चरित्रले गर्दा उनीहरूले अहिले जनतालाई दिएको झूठा आस्वाशनहरू पुरा हुने छैन । धनी र गरिवको बिचको खाडल अझ फराकिलो हुँदै जाने छ । अन्याय, अत्याचार, भ्रष्टचार, गरिवी, महंगी, बेरोजगार अझ बढदै जाने कुरा निश्चित छ । आम श्रमिक जनताको जीवन स्तर झन खस्कदै जाने छ । यसबेला देजमो नेपालले अहिले भनेका कुराहरू जनताको मनमा अरु गढ्ने छ । जनताको सहानुभूति देजमो नेपाल तिर बढेर जानेछ । यसरी चुनावलाई क्रान्तिकारी उपयोग गरेर भण्डाफोर अभियानलाई अहिले जनताको बीचमा लगेको कुरा भोलिमा दिनमा जनताको मन मस्तिष्कमा अरु पर्ने छ । यसरी यो भण्डाफोर अभियानको महत्व भोली झन बढेर जाने छ । यदि हामीले तथाकथित वामगठबन्धन तिर लागेको भए यो भण्डाफोरको काम अलिकति पनि अगाडी वढ्न सक्ने थिएन । हामी एक दुई सीटको गन्तिमा चित्त बुझाउने थियौं र हाम्रो क्रान्तिकारी लाइन पुरै ध्वस्त भएर जान्थ्यो । तर विचारणीय कुरा के छ भने निर्वाचन सम्पन्न भए पछि पनि प्रतिक्रियावादी र अवसरवादीहरूको भण्डाफोर गर्न १ मिनेट पनि कम गर्नु हुन्न । त्यसकारण प्रतिक्रियावादी र अवसरवादी तत्वहरूको भण्डाफोर गरौं भन्ने मूल नारालाई निरन्तर रूपमा अगाडी वढाउनु पर्दछ । यसैमा हाम्रो भविष्य छ ।

## 'मुट्ठी'चिन्हमा...

समिति निर्माण गरेर कोणसभा, टोलसभा लगायत घरदैलो कार्यक्रमहरू तीव्र रूपमा भइरहेका छन् ।

त्यसैगरी ३ नं. प्रदेशको दोलखामा कात्तिक २९ गते मेलुङ, मंसिर १ गते चौदी, २ गत सिंगटी, ६ गते चरिकोटमा चुनावी सभाहरू राख्ने समय तालिका निर्धारण गरेको छ भने नुवाकोटमा पनि मोर्चा अध्यक्ष सीपी गजुरेलको उपस्थितिमा केन्द्रीय सभाको आयोजना गर्ने कार्यक्रम तय गरिएको छ । त्यसैगरी पहिलो चरणमा निर्वाचन निर्वाचन हुने रामेछापको लखनपुरमा पनि मंसिर २ गते चुनावी सभा राखिएको छ ।

उता १ नं. प्रदेशबाट प्राप्त जानकारी अनुसार शनिबार ओखलढुंगाको साँगुटारमा ओखलढुंगा र रामेछापको संयुक्त चुनावी सभा सम्पन्न भएको छ । सभालाई नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्यहरू आदर्श राई, गगनबहादुर खड्गीले सम्बोधन गर्नुभएको थियो । खड्गी रामेछापबाट उम्मेदवार बन्नुभएको छ । सभालाई ओखलढुंगाबाट प्रतिनिधिसभाका उम्मेदवार रुद्र फुँयाल र लाइ्घाली मगरले सम्बोधन गर्नुभएको थियो । त्यसैगरी, १ नं. प्रदेशले १८ पृष्ठ लामो चुनावी घोषणा पत्र सार्वजनिक समेत गरेको छ ।

प्राप्त समाचार अनुसार दोस्रो चरणमा निर्वाचन हुने जिल्लाहरूमा मंसिर १३ गतेबाट केन्द्रीय चुनावी सभा गरिने भएको छ भने शनिबार मोरङ र सुनसरीको संयुक्त चुनवी भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमलाई १ नं. प्रदेशका पार्टी संयोजक राम आचार्य, मोर्चा संयोजक नगेन्द्र राई, केस केवी फुदोङ, सिताराम बुढाथोकी, मनोज श्रेष्ठ लगायतले सम्बोधन गर्नुभएको थियो ।

त्यसैगरी प्रदेश ५ नं. बाट प्राप्त समाचार अनुसार प्रदेशको चुनावी घोषणा पत्र तयार पार्दै यस प्रदेशका जिल्लाहरूमा चुनावी सभा, टोलसभा, जनभेटघाट लगायतका कार्यक्रम तीव्र रूपमा अगाडि बढिरहेका छन् ।

प्राप्त समाचार अनुसार रूपन्देहीमा २४ गतेबाट चुनावी अभियान सुरु भएको छ । अभियान अन्तर्गत जिल्लाका दर्जनौ स्थानमा कोणसभा सम्पन्न भएका छन् । कोणसभालाई उम्मेदवारहरूलगायत पार्टीका ५ नं. प्रदेश संयोजक प्रेमनाथ सुवेदीलगायतका नेताहरूले सम्बोधन गर्नुभएको छ । प्रदेशका अन्य जिल्लाहरू रोल्पा, प्यूठान, अर्घाखाँची, बाँके, बर्दिया, गुल्मी लगायतका जिल्लामा पनि चुनावी अभियानहरू चलिरहेका छन् ।

उता ६ नं. प्रदेशबाट प्राप्त समाचार अनुसार दैलेखको आठविस नगरपालिकामा शनिबार विशाल सभा सम्पन्न भएको छ । सभालाई दैलेख २ का प्रतिनिधिसभाका उम्मदेवार कृष्ण गुरुङ, २ ख)का उम्मदेवार दीपक शाही लगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो । उक्त कार्यक्रम पारेर आठविस नपामा माओवादी केन्द्रको तर्फबाट उपमेयरकी उम्मेदवार बन्नुभएकी झरना माझी माके परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गर्नुभएको छ । सोही कार्यक्रमा एमाले परित्याग गरी लोकबहादुर माझी, कसुम विक र मदन विक पनि क्रान्तिकारी माओवादीमा प्रवेश गर्नुभएको छ ।

त्यसैगरी ४ नं. प्रदेशबाट प्राप्त समाचार अनुसार गोरखा जिल्लामा चुनावी कार्यक्रमहरू लिएर देजमोका उम्मदेवारहरू गाउँ गाउँ जानुभएको छ । जिल्लाका गाउँपालिका र नगरपालिका विभिन्न क्षेत्रमा जनभेटघाट, घरदैलो, जनभेटघाट, चुनावी घोषणा पत्रमाथि जनतासँग अन्तर्क्रिया लगायतका कार्यक्रमहरू भइरहेको गोरखा-२ बाट उम्मेदवार बनेका नेता नारायण अधिकारीले बताउनु भयो । बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठसँग चुनावी प्रतिस्पर्धामा रहेका अधिकारीले देजमोको चुनाव चिन्ह मुट्ठीको पक्षमा चुनावी माहौल बन्दै गएको दावी गुर्नभयो ।

त्यसैगरी बाग्लुङ, म्याग्दी लगायतका जिल्लामा पनि समानुपातिक तर्फका उम्मदेवार प्रा.डा. ओम गुरुङ, भीम श्रीस, बमबहादुर छन्त्याल लगायतका नेताहरू घरदैलो, कोणसभालगायतका कार्यक्रममा लागिरहेको बुझिएको छ ।

नवलपुर-२ बाट प्रतिनिधिसभाको उम्मेदवार बनेका क्रान्तिकारी पत्रकार महासंघका उपाध्यक्ष समेत रहेका नारायण पंगेनीले दिएको जानकारी अनुसार जिल्लामा घरदैलो, चुनावी सभा, कोणसभालगायतका प्रचार प्रसारका कार्यक्रमलाई तीव्रता दिइएको छ ।

उता ७ नं. र २ नं. प्रदेशबाट प्राप्त समाचार अनुसार ती प्रदेशका जिल्लाहरूमा पनि चुनावी प्रचार प्रसारलाई तीव्रता दिएको छ । देजमो र चुनाव चिन्ह "मुट्ठी"को पक्षमा विस्तारै चुनावी माहौल बन्दै गएको देजमोका उम्मेदवारहरूले दावी गर्नुभएको छ ।

## गठबन्धनका...

प्रतिस्पर्धामा देजमोको तर्फबाट नेता कृष्णभक्त मानन्धर चुनावी मैदानमा उत्रनु भएको छ ।

यता काठमाडौं-१० मा भने माकेका नेता हितमान शाक्यका विरुद्ध कडा प्रतिस्पर्धामा उत्रिन भएको छ देजमोको तर्फबाट युवा नेता सुरेशकुमार श्रेष्ठ । उहाँ क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य एवम् काठमाडौंको जिल्ला इन्चार्ज हुनुहुन्छ ।

उता एमाले उपाध्यक्ष भीम रावलसँग अछाममा शिवसुन्दर शाहीको चुनावी प्रतिस्पर्धा छ भने एमाले सचिव प्रदीप ज्ञवालीसँग गुल्मी १ मा देजमोका केशव अधिकारी चुनावी भिड्नु भएको छ । यता राप्रपाका अध्यक्ष कमल थापासँग देजमोका युवा नेता दीलबहादुर घिसिङ मकवानपुर-१ मा चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने राजपाका नेता महन्थ ठाकुरसँग महोत्तरी ३ मा देजमोका मोहन मण्डल चुनावी मैदानमा हुनुहुन्छ ।

त्यसैगरी सिन्धुपाल्चोक-२ मा पशुपति शम्शेर राणासँग देजमोका उम्मेदवार कुमार बोगटी चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने कांग्रेसका नेता रामचन्द्र पौडेलसँग तनहुँ १ मा देजमोका सुन्दरलाल श्रेष्ठ भिड्नु भएको छ । उता कांग्रेसकै शशांक कोइरालाका विरुद्ध नवलपरासी-१ मा देजमोका नेता रामचन्द्र पोखरेल उम्मेदवार बन्नुभएको छ भने एमालेका नेता विष्णु पौडेलसँग रूपन्देही २ मा देजमोका उम्मदेवार दलबहादुर छन्त्यालको प्रतिस्पर्धा रोचक बनेको छ ।

त्यसैगरी चितवन १ मा सुरेन्द्र पाण्डेसँग देजमोका नेता घननाथ सापकोटा चुनावी मैदानमा हुनुहुन्छ भने उदयपुरको १ नं. निर्वाचन क्षेत्रमा कांग्रेसका नेता नारायण खड्कासँग देजमो नेता अमर परियारले प्रतिस्पर्धा गर्नु भएको छ । उहाँ क्रान्तिकारी माओवादी निकट दलित मुक्ति मोर्चाको अध्यक्ष समेत हुनुहुन्छ । उता सिन्धुली-२ मा माकेका नेता हरिबोल गजुरेलसँग देजमोका थलबहादुर देवकोटा प्रतिस्पर्धामा हुनुहुन्छ भने माके कै नेता देव गुरुङका विरुद्ध लम्जुङमा देजमोका सुरेश चन्द्र न्यौपानेले उम्मेदवारी दिनुभएको छ ।

यता बाग्लुङ-२ मा माकेका देवेन्द्र पौडेलसँग देजमोका नेता निलबहादुर पुनको रोचक भिडन्त चलेको छ भने भोजपुर-१ मा माकेका सुदन किरातीलाई देजमोका उम्मेदवार डिल्लीराम बोहराले कडा टक्कर दिनुभएको छ ।

त्यस्तै पत्रकार तथा साहित्यकार हिरामणी दुःखीले एमालेका हिराचन्द्र केसीलाई दाङ ३ मा कडा टक्कर दिनुभएको छ भने कांग्रेसका नेता शेखर कोइरालाका विरुद्ध मोरङ-६ मा देजमोका नेता मोहम्मद वेचन मियाले चुनौती दिनुभएको छ । त्यसैगरी कांग्रेसको मिनेन्द्र रिजालसँग देजमोका नेता होम अधिकारी मोरङ २ मा चुनावी भिडन्तमा उत्रिनुभएको छ ।

त्यसैगरी देजमो युवा नेता सिताराम बुढाथोकीले एमालेका भानुभक्त ढकाललाई मोरङ ३ मा कडा टक्कर दिनुभएको छ भने एमालेका भनावीप्रसाद खापुङलाई तेह्रथुममा देजमोका नेता केवी फुदोङले कडा टक्कर दिनुभएको छ ।

यता माकेका सुरेश चन्द्र दाससँग देजमोका सचिवालय सदस्यसमेत रहेका जितेन्द्र सिंहले उम्मेदवारी दिनुभएको छ भने देजमोका सचिवालय सदस्य समेत रहेका नेता विधुर प्रसाद खरेल-सर्लाही ३ मा राजपाका नेता रामेश्वर राय यादवसँग चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । उता दोखलामा माकेका विशाल खड्कासँग कडा चुनावी प्रतिस्पर्धामा जिल्लाका पुराना तथा इमान्दार छवि भएका नेता पूणवहादुर खड्का हुनुहुन्छ । उहाँ क्रान्तिकारी माओवादीको दोलखाको जिल्ला इन्चार्ज समेत हुनुहुन्छ । उता क्रान्तिकारी माओवादीका युवा नेता कृष्ण गुरुङले दैलेख-२ मा एमालेका राजबहादुर बुढालाई कडा टक्कर दिनुभएको छ ।

## प्रोफेसर...

अगाडि भनिएको छ, "आफूलाई विश्वकै प्रजातन्त्र र मानवअधिकारको क्षेत्रमा सम्प्रभु ठान्ने भारतीय शासक वर्गको जति निन्दा गरेपनि कमै हुन्छ । हाम्रो संगठन जि.एन. साइबाबाप्रति सामान्य मानवोचित व्यवहार गरोस् भन्ने अपील गर्दछौं र संसारभरिका मुक्तिकामी मानवअधिकारप्रेमीसँग सम्बन्धित संगठनहरूलाई साइबाबाको रिहाइका निम्ति आवाज उठाउन समेत आव्हान गर्दछौं ।"

यसैबीच, अर्को एक वक्तव्य जारी गर्दै संगठनका अध्यक्ष भण्डारीले नेकपा (क्रान्तिकारी माओवादी) समर्थित निर्वाचनको क्रान्तिकारी उपयोगका निम्ति देजमोका उम्मेदवारहरूलाई संगठनसँग सम्बन्धित सम्पूर्ण प्राध्यापक तथा संगठनप्रति सद्भाव र समर्थन जनाउनुहुने र संसदीय व्यवस्थाका विरुद्धमा नयाँ जनगणतन्त्र व्यवस्थाको प्राप्तिका निम्ति प्रत्यक्ष अप्रत्यक्ष रूपमा सक्रिय रहनु भएका बौद्धिक व्यक्तित्वहरूप्रति आर्थिक भौतिकलगायत सहयोग पुऱ्याउनु हुन समेत अनुरोध गरिएको छ ।


## प्रत्यक्षतर्फको....

कोषाध्यक्ष हुनुहुन्छ ।

त्यसैगरी काभ्रे-१ को ख) बाट शोभा विक गुण्डा नाइके गणेश लामासँग चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ भने सिन्धुली-२ को ख) बाट पूर्णाकुमारी देवकोटा चनावी मैदानमा उत्रिनु भएको छ ।

त्यसैगरी सप्तरी-४ क) मा अजिता विश्वकर्माले उम्मेदवारी दिनुभएको छ भने महोत्तरी-३ क) मा ज्ञानमाला महतो उम्मेदवार बन्नुभएको छ । उता सर्लाही-१ को ख) मा रीतादेवी झाले उम्मेदवारी दिनुभएको छ भने सर्लाही-२ को क) मा पवनदेवी यादवको उम्मदेवारी परेको छ ।

त्यसैगरी बर्दिया-२ क) मा सोनिका मल्ल र कैलाली-४ को ख) मा भगवती सिंह प्रत्यक्ष चुनावी मैदानमा हुनुहुन्छ ।



कार्तिक १३ देखि कार्तिक १९ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



# घोषणापत्रको बजार

**कार्तिक २० गते ।** हुन त सन्सारकै सभ्य नागरिक वस्ने देश वेलायत कि महारानी एलिजावेथ पनि कर छलीको आरोपमा तानिएकि छिन् । उमेरले ९० काटिसकेकी महारानीलाई के कुराको कमी थियो होला र ? नेपालको पानी जस्तै तेल बगाउने देश सउदिअरवका राजा विश्वका धनी मानिसको सूचीमा आजभन्दा ५ वर्ष अगाडि नै २२ औं नम्वरमा सूचीकृत थिए । उनी पनि भ्रष्टाचारको अभियोगमा फसेका छन् । यसलाई हेरेर नेपालमा हुनेगरेको भ्रष्टाचारलाई नगण्य रूपमा लिंदा पनि हुन्छ तर सरकारी कर्मचारी, सुरक्षा निकायका हाकिम र स्वयं राजनीतिज्ञ समेत भ्रष्टाचारको अभियोगमा तानिंदा गरिवीको रेखामुनी रहेका नेपालीको चित्त किन नकुडियोस् ।

**कार्तिक २१ गते ।** आजै देखि नेपाल सरकारको निकम्वा एउटा मन्त्रालयले गरीव नेपालीलाई गरिवीको प्रमाणपत्र वितरण गर्न शुरु गरेछ । कस्तो अश्चर्य ! दिमागमा गोवर थुप्रिएका योजनाकाहरू मानिसको जीवनमाथि किन यसरी खेलवाड गरिरहेका छन् ? उसै त गरिव त्यसमथि प्रमाणपत्र नै भिराईदिएपछि उसले जीवनमा के प्रगती गर्ला ? १९७७ मा भारतकी तत्कालिन प्रधानमन्त्री इन्दिरा गान्धीले 'देशबाट गरिवी हटाओ' भन्ने नारा लगाउँदा उल्टै 'गरिव हटाओ कि गरिवी हटाओ' भन्ने व्याङ्गात्मक आवाज उठेपछि इन्दिरा पछाडि हटेकी थिइन् । अरुले गरेको गल्तीबाट सिक्नु पर्नेमा सिको गरेर नीतिनिर्माण गर्ने बौद्धिक दिवालियापनको घोर भत्सर्ना गर्नु आवश्कता त हो तर गर्ने कस्ले ? अर्कालै झुकाइदिएको फल खान पल्किएका नेपालीलाई अव पुर्खाको चिन्ता लाग्दैन । गरिव, दलित, जनजाती र पिछडिएका वर्ग भनेर होच्याउँनुको साटो ससम्मान अवसर दिएर हातेमालो गर्नुपर्ने होइन र ?

**कार्तिक २२ गते ।** हिजोआज निर्वाचन घोषणापत्रका बजार निकै चलेकाछन् । कतिपय दलका घोषणापत्र हेर्दा त लाग्छ, 'आगामी निर्वाचनपछि नेपाल सन्सर कै धनी देश बन्छ' तर कसरी ? यसको उत्तर भने कतै पाइँदैन । त्यसैले यि घोषणापत्रलाई भन्न सकिन्छ, 'निर्वाचन जित्नका लागि बाबुआमाले बच्चा फकाउँन ललिपप दिएजस्तो' मात्रै हो । केही दलहरूले त नेपाली जनताले खोपामा राखिसकेको राजतन्त्रलाई पुनर्जीवित गर्ने' विषय पनि उल्लेख गरेका छन् । के सामन्ती राजतन्त्रलाई पुनर्जिवीत गरेर महाभारतमा कृष्णले दोडाएको रथ भैं दौडिरहेको गणतन्त्रका पाङ्गा रोकिएलान् ? कि निर्वाचन खर्चका लागि हालिएको विन्तीपत्र मात्रै हो ? धर्म र राजनीतिलाई एउटै रथका पाङ्गा सम्झिनेहरूले नेपाली जनताको रफ्तार निकै अगाडि गैसकेको देख्नुपर्ने होइन र ?

**कार्तिक २३ गते ।** निर्वाचन आयो । मँसीर १० र २१ गते निर्वाचन हुन्छ भन्दा अबभने नहिच्किचाए हुन्छ । तर, दलका नेताहरूको आँकलन अनुसार विश्वास गर्ने हो भने प्रतिनिधि सभामा मात्रै चारसयभन्दा बढी सिट जितिसकेका छन् । १६५ सिटमा नेपाली काँग्रेसले मात्रै एकसय सिट जितिसकेको छ भन्दा पनि हुन्छ । एमालेको त्यस्तै । उसैले भनिसकेको छ ८७ सिट त एमालेले मात्रै जित्छ । माओवादी केन्द्रको पनि ४० सिटमा दावी छ । राप्रप्रा, राप्रपा प्रजातान्त्रिक, राजपा र उपेन्द्र यादवको पार्टीको दावी आफ्नै छन् । यो अनुमानलाई भन्नैपर्छ, हचुवाको अनुमान । जनतालाई झुक्याउँने अनुमान । तर, यो निर्वाचनमा कसैले नसोचेको नतिजा आउँने पक्का छ । दलहरूले हचुवाको भरमा होईन वस्तुगत आधारमा अनुमान लगाउँदा वेस होला ।

**कार्तिक २४ गते ।** बहुचर्तित केरुङ्ग–लुम्विनी रेलमार्गको स्थलगत सर्वे चीन सरकारको प्रतिनिधि मण्डलले हिजोबाट शुरु गरेको छ । यो रेलमार्ग खुल्यो भने नेपालको उत्तरी स्थलद्वार खुल्ने छ र दक्षिणको एकाधिकारको अन्त्य हुनेछ । एकैसाथ पुराना दक्षिणी दलालहरूको अन्त्य हुनेछ । यो रेलमार्ग निर्माणका लागि सम्बन्धित नेपाली नागरिकले तन, मन र धनले सहयोग गर्नु नितान्त आवश्यक देखिन्छ । सकेसम्म दक्षिणी दलालहरू नेपालको विकास भएको देख्न चाहँदैनन् । यसमा नेपाल सरकारका केही कर्मचारी पनि सकृय भएको देखिन्छ ।

**कार्तिक २५ गते ।** डा. गोन्दि के.सी. हिलोदेखि मखख परेकाछन् । लामो सँघर्ष पछि उनले चाहेको कुरा प्राप्त भएको छ । झण्डैझण्डै सितल निवासमा पुगेर मेडिकल विध्येयक तुहिएको थियो । राष्ट्रपति बिद्याभण्डारीले सुझबुझ गेरै त होला तीन हप्तापछि हस्ताक्षर गरेर पठाएकि छिन् तर काखैमा आएको निर्वाचन र यो निर्वाचनपछि कसको सरकार बन्छ ? विध्येयक ल्याउँनु हुन्न पक्षको सरकार बन्यो भने उसले अनुमोदन नगर्न पनि सक्छ । यदि त्यसो भयोभने फेरि गोबिन्द के.सी. भोक हड्तालमा फर्किनुपर्ने हुन्छ । त्यतिवेला गोविन्द के.सी.को हालत गोर्खाकाका कृष्णप्रसाद अधिकारी कै जस्तो हुन सक्छ, सकेसम्म दौडमा निस्किएको रथको पाँग्रा हातले रोक्ने प्रयास नगर्दा पो राम्रो होला कि ?

**कार्तिक २६ गते ।** 'विश्वमा माफियाहरूको ठुलो सञ्जाछ' । यो हरफ हामीले केटाकेटी देखि सुन्दै आएको हो । तर, यसको हेडक्वाटर कहाँ छ त ? भन्ने प्रश्नको उत्तर पाउँन सकिएको थिएन । पाइयोस पनि कसरी ? यसको हेडक्वाटर नै नहुने रहेछ । मानिसले नै मानिसलाई शोषण गर्ने, अवसरको फाइदा उठाएर अत्यधिक नाफा खाने, समाजमा लागूपदार्थको कुलत फैल्याएर नाफा आर्जन गर्नेहरूलाई माफियाको सरदार भनिने रहेछ र यि सरदारहरू सन्सारका कुनाकुनासम्म बस्ने रहेछन् । यस्ता सरारदारहरूलाई सरकारमा बसेका, माथिल्ला कर्मचारी, जनताबाट निर्वाचित नेताहरू र ठूला व्यापारीहरू नै हुने रहेछन् । यस्ता माफियाहरूले नेपालमा पनि राम्रो पकड जमाएर बसेका रहेछन् र ती माफियाहरू हाम्रै वरीपरि घुमेर बसेका रहेछन् । तरकारी व्यापारी देखि मल तस्करसम्म, मेडिकल व्यावसायी देखि शैक्षिक माफियासम्म र दाल चामल देखि लागुपदार्थसम्म यिनीहरूले जालो विच्छ्याएर हाम्रै शाषण गरिरहेका रहेछन् र पुस्तान्तरण हुँदै शाखा सन्तान समेत यही माफिया गणमा रमाइरहेका हुने रहेछन् । यिनै माफियालाई आम जनताले खानदानी परिवार भनिरहदो रहेछ । कस्तो विडम्बना !

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# आलोपालो



● मोहन वैद्य'किरण'

## पुरानो राज्यसत्ता र व्यवस्थाका विरुद्ध निर्वाचन उपयोग

*आदरणीय जनसमुदाय,*

हामी निर्वाचनको उपयोगको प्रक्रियामा यस सभामा उपस्थि भएका छौं । यस १० नं. निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा उठ्नु भएका क.सुरेश श्रेष्ठ, प्रदेश सभामा उठ्नु भएका क. रत्न महर्जन, सुरेश तामाङ्ग लगायत समानुपातिक सदस्यमा उठ्नु भएका देशैभरिका सम्पूर्ण उम्मेदवारहरूलाई विजयको दिशामा उन्मुख हुन हार्दिक शुभकामना एवं बधाई छ ।

अहिले देशको परिस्थिति जटील छ । देश, समाजलाई रूपान्तरण गर्न, अर्धसामन्ती, अर्धऔपनिवेशिक र नवऔपनिवेशिक अवस्थाबाट मुक्त गर्न देशमा महान् दशवर्षे जनयुद्ध भयो । हामी त्यसमा होमियौं । आदरणीय जनसमुदायलाई अवगत भएकै कुरा हो यो । त्यो बेला देशमा संसदीय व्यवस्था थियो, त्यसको विरुद्धमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू समाधान गर्न जनयुद्धको थालनी भयो, विकास भयो । त्यस प्रक्रियामा थुप्रै नेपाली आमाका वीर सपुतहरूले रगत बगाए, योद्धाहरूले बलिदान दिए, सहादत भए । कयौं योद्धाहरू बेपत्ता भए, अपाङ्ग, घाइते बने । हज्जारौंको बलिदानले सिञ्चित महान् जनयुद्ध विजयको सन्निकट पुग्दै गर्दा गम्भीर धक्का खान पुग्यो । ठुलो धोका भयो । यदि त्यस किशिमको धोका र धक्का नखाएको भए आज देश अर्कै स्थितिमा हुन्थ्यो । महान् जनयुद्धमा धोका कसबाट भयो ? आज घाम जत्तिकै छर्लङ्ग छ । जनयुद्धको नेतृत्व गर्ने र धोका दिने एउटै ब्यक्तिबाट भयो । त्यसबेला क्रान्तिकारीहरूले पनि बुझ्नमा सिमा रह्यो । इतिहासको विडम्बना हो यो । क्रान्तिकारीहरूले जनयुद्धका उपलब्धी, जनताका बलिदानलाई रक्षा कसरी गर्ने, कसरी जाने भन्ने विषयमा सिमा रह्यो । यसलाई गम्भीरतापूर्वक सोच्न जरुरी छ ।

पहिलो संविधानको निर्वाचन, विघटन हुँदै दोश्रो संविधान सभाको निर्वाचनपछिसम्म आउँदा उही पुरानै सत्ता दोहोरिएको छ । पहिले पनि उही, अहिले पनि उही छ । संसदीय व्यवस्थाको विरुद्धमा लड्दाखेरी सत्तामा उही काँग्रेस, उही एमाले, उही राप्रपा थियो, अहिले पनि उहि छन् । परिवर्तन कहाँ भयो ?

राष्ट्रिय स्वाधिनताको विषयमा हेर्ने हो भने देश सिक्किमीकरणको दिशामा अगाडि बढीरहेको छ । नेपाल प्राकृतिक श्रोत साधन एवं मानवीय श्रोतका हिसावले पनि समृद्ध देश हो । तर दुबै ठुलो जनशक्ति विदेशीन बाध्य छ । पहाददेखि तराईका अधिकांश जमिन बाँझै छन् । युवा शक्तिहरू रोजगारी र अवसरको अभावमा विदेशीन बाध्य छ । नदी नाला, प्राकृतिक श्रोत साधनहरू विदेशीलाई सुम्पिदिएर कमिशन पचाइरहेका छन् । विदेशीको हातमा श्रोत साधन दिएर यहाँका नेताहरू रमाइरहेका छन् । तसर्थ परिवर्तन खासै आएको छैन, रूपान्तरण खासै भएको छैन । त्यसैले देशमा परिवर्तन आवश्यक छ, क्रान्ति आवश्यक छ । क्रान्ति विना राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधान सम्भव छैन । हिजो क्रान्तिमा धोका भएर आम जनसमुदाय, क्रान्तिकारी पंक्ति लगायत सबै सबै पिडामा छन्, क्रान्ति गर्ने नेतृत्वबाटै धोका पाएर समग्र क्रान्तिकारी शक्ति नै बदनाम भएको अवस्था छ । क्रान्ति ल्याएको शक्ति माओवादी बदनाम भएको छ । अब, समग्र प्रक्रियामा भएका कमि कमजोरी सच्याउँदै नयाँ ढंगले रूपान्तरणे प्रक्रियामा जाने पार्टीले अठोट गरको छ । यस अवस्थामा पार्टी दर्ता गरेका छैनौं । यही अवस्थामा रहेर पार्टी अगाडि बढ्न सक्दैन । त्यसैले पार्टीले आफु सन्निकट रहेका संगठनहरूलाई, मोर्चाहरूलाई समर्थन गर्दछौं । देशभक्त जनगणतान्त्रिक मोर्चाले एउटा खवरदारी गरेको छ । मोर्चाले आफ्नो नीति तथा कार्यक्रममा राष्ट्रिय स्वाधिनताको रक्षा, जनतन्त्र स्थापना र जनजीविकाका लागि जनताका वीचमा जान्छौं भनेर प्रतिवद्धता गर्नु भएको छ । घोषणा पत्रमा पनि प्रतिवद्धता दोहोऱ्याउनु भएको छ ।

लोकतान्त्रिक गठबन्धन र बाम गठबन्धनको जुन हौवा अहिले पिटिरहेको छ, वास्तवमा ती गठबन्धन न त लोकतान्त्रिकै न त वामै । लोकतन्त्रको नै रक्षा गर्ने नसक्ने र नगर्ने शक्तिहरू कसरी लोकतान्त्रिक हुन्छ ? अनि चरित्र, कार्य सबै हिसावले दक्षिणपन्थी हुने, प्रतिक्रियावादमा अगाडि बढिरहने पनि कहिँ वाम हुन्छन् त ? त्यसैले ती गठबन्धनले जनताका समस्या, देशको समस्या समाधान गर्दैन, गर्न पनि सक्दैन । बरु यो मोर्चाले स्वतन्त्र पहिचानको आधारमा राष्ट्रियताको रक्षा, जनतन्त्र स्थापना गर्न र जनजीविकाको समस्यालाई समाधान गर्ने प्रतिवद्धता सहित अगाडि आएको हुनाले हाम्रो पार्टीले मोर्चा र मोर्चाका उम्मेदवारहरूलाई समर्थन गरेका छौं । साथै सम्पूर्ण आमजनसमुदाय, शुभचिन्तक, शुभेच्छुक, समर्थक र पार्टी सदस्यहरूमा मोर्चाका उम्मेदवारहरूलाई आफ्नो अमुल्य मतदान गरी जिताउन हाम्रो अनुरोध छ । अहिले लोकतान्त्रिक र वाम गठबन्धन भन्नेहरूले सत्ता शक्तिको दुरूपयोग, पैसाको खोलो बगाई जनतालाई प्रभावित पार्ने र चुनाव जित्ने प्रपञ्च गर्दैछ, त्यसले जनता, देशको हितमा काम गर्दैन । यस्तो अनैतिक, भ्रष्ट कार्यको विरुद्ध, देशको दुर्गतिका कारकहरूका विरुद्धमा आम जनसमुदायले मोर्चाका उम्मेदवारहरूलाई आफ्नो अमुल्य मतदान गरी तिनीहरूलाई पाठ सिकाउन जरुरी छ । जनताको शक्ति देखाउन जरुरी छ ।

जहाँसम्मको काठमाण्डौ १० नं क्षेत्रको सवाल छ, त्यो भनेको वामपन्थीहरूको गढको रूपमा लिने गरिन्छ । अहिले वामपन्थी कोही सक्कली छन्, कोही नक्कली । आदरणीय जनसमुदायहरूले को सच्चा हो को नक्कली सबै चिन्नु भएको छ, पहिचान गर्नु जरुरी छ । देजमोका उम्मेदवारहरूलाई यहाँ जनसमुदायहरूले भोट दिई सच्चा वामपन्थीहरूलाई बलियो पार्न विशेष अनुरोध गर्दछु ।

हाम्रो पार्टी, मोर्चा नयाँ विकल्प हौं । देशमा क्रान्ति भएको छैन, रूपान्तरण भएको छैन, धोका भएको छ, यसको विरुद्ध नयाँ क्रान्ति गर्न आवश्यक छ । हाम्रो पार्टी नयाँ क्रान्ति गर्न गइरहेका छौं । मोर्चाका उम्मेदवारहरूलाई आमजनसमुदायले मतदान गरी जिताउनु भएमा त्यही मञ्च उपयोग गरेर प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र तिनका पक्षधरहरूविरुद्ध राजनैतिक विरोध र भण्डाफोर गर्न सहयोग हुने, क्रान्ति तयारी एवं सम्पन्न गर्न सहयोग हुने छ । जनयुद्धको क्रममा चुनाव बहिष्कार गरेका थियौं, त्यो तत्कालिन हिसावले एकदम सही थियो । र अहिले, हामीले उपयोगको नीति लिएका छौं जुन आजको वस्तुगत आवश्यकतासँग नजिक छ । चुनावको उपयोगको क्रममा जनता वीच घनिभूत रूपमा गएर क्रान्तिको तयारी एवं प्रतिक्रियावादीहरूको भण्डाफोर सहयोग भएको छ । २०४८ सालमा पार्टी एकता भएको थियो । निर्मल लामा, रूपलाल विश्वकर्मा, पातलो मसाल र हामी मोटो मशाल मिलेर एकता केन्द्र बनाएका थियौं । यसको उद्देश्य जनयुद्धको तयारी र शुरुवात गर्ने भन्ने थियो । त्यहीक्रममा त्यसबेलाको संसदीय चुनावको उपयोग गरियो र जनताले तीन नम्वरको राजनैतिक शक्तिको रूपमा स्थापित गराइदियो । इतिहासको यसै अनुभव र पाठलाई ध्यान दिएर अब गर्ने नयाँ क्रान्तिको तयारी र शुरुवातको लागि पनि चुनाव आवश्यक र सहयोगी हुनेछ । यसअर्थमा यी गठबन्धन नामका संसदीय दलहरूले चुनावमा भाग लिनु र हामीले उपयोगको कोणबाट चुनावमा जानु गुणात्मक रूपमा अन्तर रहेको छ । भ्रम फैलाइएको छ कि काँग्रेस, एमाले, माकेसँगै क्रान्तिकारी माओवादी समर्थित देजमो पनि चुनावमा आयो । पुरानै राज्यसत्ता, व्यवस्था र बाहिरी-भित्री प्रतिक्रियावादीहरूसित एकाकार हुँदै पुरानै राज्यसत्ता र व्यवस्थालाई बचाउन, सुदृढ गर्न संसदीय दलहरू चुनावमा भाग लिइरहेका छन् भने हाम्रो भने त्यही पुरानो राज्यसत्ता र व्यवस्थालाई फाल्नका निम्ति चुनाव उपयोग गरिरहेका छौं । यो विचारको झिल्को हो । यही अन्तरलाई सम्पूर्ण जनसमुदाय, शुभचिन्तक, समर्थक, पार्टीपंक्तिले ध्यान दिन आवश्यक छ ।

*(शनिबार काठमाडौं-१० मा गरिएको जनभेटघाट तथा अन्तर्क्रियामा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव किरणबाट व्यक्त विचारमा आधारित)*

# तीन जादुगरी हतियार निर्माण गर्दै क्रान्तिको प्रक्रियामा अगाडि बढ्छौं: *महासचिव 'किरण'*

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण'ले आफ्नो पार्टी नयाँ जनवादी क्रान्तिको कार्यभार पुरा गर्न तीन जादुगरी हतियार निर्माण गर्दै क्रान्तिको प्रक्रियामा अगाडि बढ्ने बताउनु भएको छ । महान अक्टोवर समाजवादी क्रान्ति सय वर्ष पुगेको अवसरमा आयोजित "महान अक्टोवर समाजवादी क्रान्तिको शतवार्षिकी समारोह' लाई सम्बोधन गर्दै पार्टी महासचिव 'किरण'ले अक्टोवर क्रान्तिको शतवार्षिकी मनाउनु भनेको नेपालमा सर्वहारा वर्गको जनवादी राज्य व्यवस्था स्थापना गर्न संघर्षको बिचबाट अगाडि बढ्नु हो भन्नु भयो, "निर्वाचनको उपयोग पनि क्रान्तिको अर्को मोर्चा हो । शान्तिपूर्ण संघर्ष गर्न सिपालु नहुनेले सशस्त्र संघर्ष पनि गर्न सक्दैनन् । क्रान्तिकारीहरू वैधानिक अवैधानिक दुबै संघर्ष सञ्चालन गर्नमा सिपालु बन्नु पर्दछ । अक्टोवर क्रान्तिबाट क्रान्तिकारीहरूले लिने शिक्षा यहि हो ।'

पार्टीका बरिष्ठ नेता सीपी गजुरेलले सञ्चालन गरेको उक्त समारोहलाई सम्बोधन गर्दै महासचिव 'किरण'ले अगाडि भन्नु भयो, 'लेनिनले गरेको साम्राज्यवादको विश्लेषण र संश्लेषण अहिले पनि सहि रहेको छ । लेनिनका नक्कली अनुयायीहरूले साम्राज्यवाद सम्बन्धी लेनिनले गरेको परिभाषा पुरानो र असान्दर्भिक भएको विश्लेषण गर्दै भ्रम छर्ने गरिरहेका छन् । लेनिन गरेको गरेको साम्राज्यवादको विशेषता भनेको एकाधिकार पुँजीवाद हो । अहिलेको साम्राज्यवादको विशेषता भनेको पनि एकाधिकार पुँजीवाद नै हो ।'

नेपालका कतिपय आफूलाई वाम भन्न रुचाउने अवसरवादी बुद्धिजीवीहरूले समेत मार्क्स र लेनिनका विचारहरू पछाडि परिसकेको विश्लेषण गर्ने गरेको प्रशंग उल्लेख गर्दै महासचिव 'किरण'ले भन्नुभयो, 'तेस्ता बुद्धिजीवीहरू मार्क्स र लेनिनका नक्कली अनुयायी हुन् । क्रान्तिकारीहरू उनीहरूबाट सचेत रहनु पर्दछ ।'

पेरिस कम्युन भन्दा अगाडि मार्क्सले सामन्तवादको विरुद्ध संघर्ष गर्दा पुँजीवादीहरूको पनि साथ लिनु पर्दछ र त्यसरी गरिने क्रान्ति लोकतान्त्रिक गणतन्त्र हुन्छ भनेरे विश्लेषण गरेको भएपनि पेरिस कम्युनको बेला पुँजीवादीहरूले गरेको बर्बर दमन गरेपछि पुँजीवादको चरित्र लोकतान्त्रिक नहुने विश्लेषण मार्क्सले पटक-पटक गरेको सन्दर्भ उल्लेख गर्दै महासचिव 'किरण'ले भन्नुभयो, 'तत्कालिन युद्धरत नेकपा (माओवादी) का नेताहरूले चुनुवाङका दस्तावेजमा मार्क्स र लेनिनका विश्लेषण पछाडि परिसकेको भन्दै साम्राज्यवाद सम्बन्धी गरिएको विश्लेषण गलत थियो र लोकतान्त्रिक गणतन्त्रको कार्यनीति पनि गलत थियो ।'

नेपालका वामपन्थीहरूलाई लक्षित गर्दै महासचिव ' किरण'ले 'भन्छन् नयाँ गर्छन् पुरानो' भन्नुभयो । वर्तमान संसदीय व्यवस्था र संसदीय राजनीतिक पार्टीहरूले निर्वाचनको लागि बनाएको निर्वाचन कानुन र थ्रेस होल्ड सम्बन्धी गरेको व्यवस्था प्रति विश्लेषण गर्दै महासचिव 'किरण'ले भन्नुभयो, 'संसदीय व्यवस्थालाई थ्रेसहोल्डले ध्वस्त पारेको छ । बहुदलीय संसदीय व्यवस्था भन्ने, बहुलवाद मान्ने तर दलहरूलाई निषेध गर्ने । यो कस्तो संसदीय व्यवस्था हो ? दुई वा तीन पार्टी बनाएर यो व्यवस्था फाँसीवादी दिशातर्फ लगिएको छ ।' निर्वाचनमा संसदवादी पार्टीहरूले सत्ता, शक्ति र पैसाको दुरूपयोग गरेको तर्फ संकेत गर्दै महासचिव 'किरण' ले भन्नुभयो, "संसदीय व्यवस्था यसैका पक्षपातीहरूको पनि रहेन त्यहाँ भित्रपनि सत्ता र पैसा हुनेहरूको लागि मात्र भयो ।'

उक्त समारोहलाई सम्बोधन गर्दै पार्टीका पूर्व कार्यालय सदस्य रामसिंह श्रीसले रुसी अक्टोवर समाजवादी क्रान्तिबाट सिक्नुपर्ने पाठ धेरै रहेको उल्लेख गर्दै अक्टोवर समाजवादी क्रान्ति नेपाली क्रान्तिको अबको कार्यभार हुनुपर्ने बताउनु भयो । क्रान्तिका लागि क्रान्तिकारी पार्टी निर्माण अनिवार्य रहेको तर्फ जोड दिर्दै उहाँले भन्नुभयो, 'लेनिनवादी संगठनात्मक पद्धतीमा आधारित रहेर अनुशासित र जुझारु क्रान्तिकारी पार्टी निर्माणमा हामीले विशेष जोडदिनु पर्दछ । क्रान्तिका लागि क्रान्तिकारी कम्युनिष्ट पार्टी निर्माण पहिलो सर्त हो ।'

पार्टीका अर्का पूर्व कार्यालय सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेलले उक्त समारोहलाई सम्बोधन गर्दै तत्कालिन रुसी अक्टोवर क्रान्तिको परिस्थिति भन्दा विश्वमा धेरै परिवर्तन आएको चर्चा गर्नुभयो । उहाँले भन्नुभयो, 'अक्टोवर क्रान्ति यता आधाभूत रूपमा परिस्थिति उहि भएपनि रूप पक्षमा धेरै बदलाव आएको छ । नेपालमा भएको क्रान्तिले सेटब्याक खाएपछि मानिसहरूका मनस्थितिहरू खल्बलिएका छन् । ती क्रान्तिहरूबाट शिक्षा लिर्दै नेपाली विशेषतामा आधारित रहेर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन एकजुट हुनुपर्दछ ।'

त्यसैगरी समारोहमा बोल्दै पार्टीका पूर्व सल्लाहकार सचिव दिर्घराज पाण्डे, पूर्व सचिवालय सदस्यहरू इन्द्रमोहन सिग्देल, दिनेश शर्मा 'सागर' र पवनमान श्रेष्ठले साम्राज्यवाद तथा घरेलु प्रतिक्रियावादी सत्ता, संशोधनवादी तथा अवसरवादीहरूका विरुद्ध लेनिनले गरेको संघर्षबाट गम्भीर शिक्षा लिदै नेपालको धर्तीमा अक्टोवर क्रान्तिका अनुभवहरू सिर्जनात्मक ढंगले लागु गरि क्रान्तिको प्रक्रियालाई अगाडि बढाउनु पर्नेमा जोड दिनुभयो । त्यसको लागि पार्टीको हालै सम्पन्न पोखरा राष्ट्रिय सम्मेलनले नयाँ जनवादी क्रान्तिको कार्यदिशालाई थप समृद्ध पारिसकेको पनि बताउनु भयो ।

## देजमोका...

गजुरेलले देजमोका उम्मदेवारहरू वर्तमान संसदीय व्यवस्थामा सुखभोग गर्न जान लागेको नभएर संसदीय व्यवस्थामा हुने र गरिने राष्ट्रघात र जनघातको भण्डाफोर गर्न जाने र यो व्यवस्थाबाट जनताको हित हुँदैन, त्यसका लागि नयाँ जनवादी राज्यव्यवस्था नै आवश्यक रहेको कुरामाथि जोड दिनुभयो ।

घोषणापत्रमा प्रमुख भनिएका राजनीतिक दल र सरकारको राजनीतिलाई भण्डाफोर गर्ने मूल नीति लिइएको छ भने 'यथास्थितिवादी' दलहरू चुनावपछि पनि नसच्चिने भन्दै अब मुलुकको वैकल्पिक शक्ति क्रान्तिकारी माओवादी नै भएको दावी घोषणा-पत्रमा गरिएको छ । अहिलेको संघीय संरचना गलत भएको उल्लेख गर्दै उत्कृष्ट भनिएको संविधान अपूरो रहेको तथा परराष्ट्रनीति पञ्चशीलको आधारमा हुनुपर्ने सर्वमान्य मान्यता कुल्चिइरहेको स्थितिप्रति समेत संविधान मौन रहेको उल्लेख छ ।

मुलकलाई स्वतन्त्र र समृद्ध बनाउन १९५० को असमान सन्धि र बिप्पा खोरज, भ्रष्टाचारीमाथि कारबाही गर्न सशक्त कान्नु बनाउने, १२ कक्षासम्म निःशुल्क शिक्षा प्रदान गर्ने, हरेक प्रदेशमा 'रेफरल' अस्पताल स्थापना गर्ने, वैज्ञानिक भूमिसुधार लागू गर्नेलगायतका प्रतिबद्धता देजमोले घोषणा-पत्रमा उल्लेख गरेको छ । नेपाली क्रान्ति अधुरै रहेकाले जनताले नेपालमा अझै क्रान्तिको आवाश्यक्ता रहेको महशुस गरिरहेको बताउँदै अध्यक्ष गजुरेलले क्रान्तिको नेतृत्व क्रान्तिकारी माओवादी र मोर्चाले गर्ने बताउनुभयो ।

## संसदीय...

बोलवाला हुन लागेको भन्दै चिन्ता व्यक्त गर्नुभयो । कांग्रेस र एमाले नेतृत्वका दुवै गठबन्धनले तस्कर, गुण्डा र भ्रष्टाचारी, दलालहरूलाई उम्मेदवार बनाएको भन्दै ती दुवै गठबन्धन प्रतिक्रियावादी भएको दावी गर्नुभयो ।

संविधान पश्चगामी भएको र व्यवस्था प्रतिक्रियावादी भएकोले अहिलेको सत्ताबाट जनताको हितमा कुनै पनि काम हुन नसक्ने भएकाले यसको विकल्पमा जनताको जनगणतन्त्रको स्थापना हुनुपर्नेमा जोड दिनु भयो । अध्यक्ष गजुरेलले राष्ट्रियता, जनतन्त्र र जनजीविका मुद्दाहरूको समाधान सही समाधान दिनका लागि र मुलुकमा जनताको गणतन्त्र स्थापना गर्ने उद्देश्य हासिल गर्न पनि देजमोका उम्मेदवारहरूको चुनाव चिन्ह 'मुठ्ठी'मा मतदान गर्नुपर्ने कुरा बताउनु भयो ।

कार्यक्रमलाई क्रान्तिकारी माओवादीका पूर्व कार्यालय सदस्य रामसिंह श्रीस, पार्टीका केन्द्रीय सदस्य तथा काठमाडौं-१० का देजमोका उम्मेदवार सुरेश श्रेष्ठलगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो भने कार्यक्रममा देजमोका कार्यालय सदस्य तथा ३ नं प्रदेश संयोजक पवनमान श्रेष्ठ, सूर्य ब. नकर्मीलगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

नेता इश्वरचन्द्र ज्ञावालीले संचालन गरेको कार्यक्रमको अध्यक्षता देजमोका केन्द्रीय सदस्य तथा काठमाडौं संयोजक एवम् काठमाडौं-८ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार किरण शाहीले गर्नुभएको थियो । कार्यक्रममा स्थानीय युवाहरू रामकुमार श्रेष्ठ, अशोक श्रेष्ठ र विष्णु दास विभिन्न पार्टी परित्याग गरी देजमोमा प्रवेश गरेका थिए । कार्यक्रममा स्थानीय जनताका साथै देजमोका नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

# क्रान्तिकारी माओवादीमा ध्रुवीकरणको लहर

मकवानपुर । पछिल्लो समयमा नेकपा (क्रान्तिकारी माओवादी)मा ध्रुवीकरणको लहर विस्तारै बढ्दै गएको छ । नयाँ जनवादी क्रान्तिको तयारीमा रहेको क्रान्तिकारी माओवादीमा युवाहरूको आकर्षण विस्तारै बढ्दै जान थालेको छ । पूर्व जनमुक्ति सेना, विभिन्न राजनीतिक पार्टीमा रहेका युवाहरू तथा स्वतन्त्र बसेका युवाहरू ध्रुवीकृत हुँदै गएका छन् ।

हामीलाई प्राप्त जानकारी अनुसार केही समयअघि २४ जना युवाहरू प्रवेश गरेको क्रान्तिकारी माओवादी मकवानपुरमा पुनः शनिबार विभिन्न राजनीतिक पार्टीमा आवद्ध युवाहरू प्रवेश गरेका छन् । क्रान्तिकारी माओवादीका जिल्ला इन्चार्ज बसन्त बोगटीका अनुसार जिल्लाको राक्सिराङ्ग गाउँपालिकामा कमरेड विशाल र मनहरी गाउँपालिकामा राप्रपा जिल्ला नेता खड्ग मोक्तानको नेतृत्वमा दर्जनौं युवाहरू क्रान्तिकारी माओवादीमा ध्रुवीकृत भएका छन् ।

यसैबीच, काठमाडौं-१०, सतुङ्गलमा शनिबार भएको कार्यक्रममा तीन जना वामपन्थी युवाहरू क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । उनीहरूलाई क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण' अवीर लगाएर पार्टी प्रवेश गराउनु भयो ।

त्यस्तै पूर्व जनमुक्ति सेना, नेकपा, एमाले र माके परित्याग गरी बर्दियामा क्रान्तिकारी माओवादीमा प्रवेश गरेको खबर छ भने दैलेखबाट प्राप्त समाचार अनुसार शनिबार भएको चुनावी सभामा आठविस नपामा माओवादी केन्द्रको तर्फबाट उपमेयरकी उम्मेदवार बन्नुभएकी झरना माझी माके परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश गर्नुभएको छ । सोही कार्यक्रमा एमाले परित्याग गरी लोकबहादुर माझी, कसुम विक र मदन विक पनि क्रान्तिकारी माओवादीमा प्रवेश गर्नुभएको छ ।




# थापा, यादव र मगर पार्टी र मोर्चाबाट निष्काशित

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टीका केन्द्रीय सदस्य भक्तराज थापा र पूर्व केन्द्रीय सदस्य शिवराम यादवलाई सम्पूर्ण जिम्मेवारीसहित पार्टी सदस्यताबाट समेत निष्काशन गरेको छ । उनीहरूले अवसरवादी तत्वहरूसित मिली पार्टीविरोधी तथा गुटबन्दीजन्य गतिविधि गरेको आरोप लगाइएको छ ।

क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले बिहीबार एक प्रेस वक्तव्य जारी उनीहरूलाई पार्टीबाट निष्काशन गरिएको व्यवहोरा सार्वजनिक गर्नुभएको हो । थापा र यादव बिहीबारै माओवादी केन्द्रमा पलायन भएका छन् ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पनि बिहीबारै एक प्रेस वक्तव्य जारी गरी मोर्चाका केन्द्रीय सदस्यद्वय भक्तराज थापा र शिवराम यादवलाई मोर्चाबाट निष्कासन गरेको छ । मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले एक वक्तव्य जारी गरी थापा र यादव गम्भीर प्रकारको संगठनविरोधी अनैतिक गतिविधिमा संलग्न भएको पुष्टि भएको हुनाले उनीहरूलाई मोर्चाको केन्द्रीय समिति, अन्य तहका समिति र साधारण सदस्यबाट समेत निष्काशन गरिएको व्यहोरा सार्वजनिक गरिएको छ । वक्तव्यमा भक्तराज थापा संगठनको तर्फबाट प्रतिनिधिसभाका समानुपातिक उम्मेदवार समेत रहेकाले उक्त उम्मेदवारीबाट समेत हटाउने निर्णय गरिएको उल्लेख छ ।

यसका साथै वक्तव्यमा रामेछाप जिल्लाबाट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका प्रदेश सभा ख) को प्रत्यक्ष उम्मेदवार भएका पदमबहादुर थापामगर पनि संगठनविरोधी अनैतिक क्रियाकलापमा संलग्न भएकोले उनलाई पनि संगठनको साधारण सदस्यबाट निस्कासन गर्नुका साथै निजको उम्मेदवारी समेत खारेज गरिएको छ ।

मोर्चाले रामेछाप जिल्लाबाट प्रदेशसभा ख) बाट प्रत्यक्ष उम्मेदवारी दिनु भै भऱ्याङ चुनाव चिन्ह प्राप्त गर्नुभएका स्वतन्त्र उम्मेदवार जितबहादुर दाहालको उम्मेदवारीलाई समर्थन गरी प्रत्यक्षमा भऱ्याङ चुनाव चिन्हमा मत दिई दाहाललाई अत्याधिक मतले विजयी गराउन रामेछाप जिल्ला प्रदेशसभा ख) अन्तर्गतका सदस्य र आम जनतालाई समेत आव्हान गरेको छ ।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।